# कृषि उद्यम विकास, कृषिमा लगानी : कृषि आयात प्रतिस्थापनको आगामी बाटो

डा. गणेश राज जोशी[१]
डा. लक्ष्मण न्यौपाने[२]

**सारसंक्षेप**

कृषि उद्यम विकास, कृषिमा लगानी : कृषि आयात प्रतिस्थापनको आगामी बाटो को कार्यपत्रमा उद्यम विकासलाई प्रवर्द्धन गर्दै औद्योगिक विकास मार्फत देशको आर्थिक विकास गर्नु पर्ने हुँन आउंछ । यसका लागि उत्पादन, बजार तथा निर्यातमा सहयोगका साथै उपयुक्त बातावरण निर्माण गरि स्वदेशी पुंजी तथा बैदेशिक लगानी समेत परिचालन गरि उत्पादन तथा उत्पादकत्व बढाउंदै लग्नु पर्ने भएको छ । यसबाट तुलनात्मक लाभ भएका बस्तु तथा उपजहरुको प्रतिस्पर्धात्मक क्षमता समेत वृद्धि हुन गई निर्यात बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था सृजना हुन्छ । यसका आधारभुत पक्षहरुको बारेमा तल बिमर्श गरिएको छ ।

**प्रमुख शब्दावलीहरु :** उद्यम, लगानी, अयात, आर्थिक भुगोल, जलवायु अर्थशास्त्र, नीतिगत व्यवस्था, वैदेशिक व्यापार, वित्तीयमा पहुँच, वित्तीय समावेशी, सार्वजनिक वित्त, कर्जा

## १. परिचय

दोस्रो राष्ट्रिय अर्थशास्त्री सम्मेलन २०७९ मा यो कार्यपत्र लेखकद्वयद्वारा प्रस्तुत गरिएको हो । यस कार्यपत्रको मुल ध्येय कृषि उद्यम विकास, कृषिमा लगानी : कृषि आयात प्रतिस्थापनको आगामी बाटोका बारेमा व्यवहारिक पक्षमा प्रस्टाउनु रहेको छ । यसै गरि उद्यम तथा उद्यम विकासको बारेमा स्टानफोर्ड विश्व विद्यालय (२०२२) मा प्रस्तुत गरेका विषयबस्तुलाई उदृत गरिएको छ । यसैगरि आयात प्रतिस्थापन अर्न्तरगत मुलत कृषि उत्पादन, आयातको बारेमा प्रस्तुत गरिएको छ । औद्योगिक ऐन, २०६७, नेपाल लगानी बोड ऐन, २०६८, लगानी बोड विनियमावली, २०६९, विदेशी लगानी प्रविधि हस्तातन्तरण ऐन, २०४९, दिर्घकालिन कृषि योजना (१९९५-२०१५), कृषि विकास रणनीति (२०१५-२०३५), लगायत वर्षेनी जारी आर्थिक नीति, बजेट, मौद्रिक नीति, कृषि क्षेत्रगत जारि गरेका नियम, नीति, आदी को बारेमा यसमा चर्चा गरिएको छ । यसै गरी राजस्व, खर्च, आर्थिक भूगोल, कार्वन उत्सर्जनको सामाजिक लागत, जलवायु अर्थशास्त्र आदि को बारेमा यसमा छलफल गरिएको छ । देशमा विद्यमान सम्भावनाको बारेमा पनि प्रस्तुत गरिएको छ । यसै गरी कृषि मुलत खाद्यान्न बालीको आयात, वैदेशिक व्यापारको बारेमा आ.व.२०७७/७८, २०७८/७९ वर्षमा गरिएको आयात निर्यातको परिदृश्य प्रस्तुत गरिएको छ ।

सार्वजनिक खर्चमा गरिने रकमहरुको परिदृश्यलाई प्रस्तुत गरिएको छ । यो कार्यपत्रमा मुलत नीतिगत दोस्रो स्रोत तथ्याङक प्रयोग गरिएको छ । जसमा अर्थमन्त्रालयले प्रकाशन गर्ने आर्थिक सर्वेक्षण, योजना आयोगबाट प्रकाशित प्रतिवेदन, भन्सार विभाग, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट प्रकाशित तथ्याङक प्रतिवेदन आदिलाई सन्दर्भ सामाग्रीको रुपमा उपयोग गरिएको छ । कार्यपत्रमा डा. सुरेन्द्र उप्रेती (अर्थमन्त्रालयका पूर्व प्रमुख आर्थिक सल्लाहकार), डा. राम प्रसाद घिमिरे सचिव, राजस्व, अर्थमन्त्रालय र सहभागिहरुबाट यस कार्यपत्र मा प्राप्त सुझाव, सल्लाहहरुलाई समलग्न गरि परिमार्जित गरि तयार पारिएको छ । अन्तमा कार्यदिशा र निकर्ष प्रस्तुत गरिएको छ । सन्दर्भ सामाग्री सहित कृषि उद्यम विकास, कृषिमा लगानी : कृषि

---

१ नेपाल सरकारका पूर्व सचिव भई विभिन्न मन्त्रालयमा कार्य गर्नु भएको छ ।

२ पूर्व अध्यक्ष, नेपाल स्टक एक्सचेन्ज र अर्थ विज्ञ, मुख्य मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी

आयात प्रतिस्थापनको आगामी बाटो कार्यपत्रमा सुचिकृत गरिएको छ। यो कार्यपत्र तथा लेखनमा स्वार्थको कुनैपनि द्धन्द नरहेको कुरा स्पष्ट पार्न चाहन्छौ ।

## २. पृष्ठभूमि

ग्रामिण जनताको आय र स्वरोजगारको मेरुदण्डको रुपमा कृषि क्षेत्र रहदै आएको छ। नेपालको अर्थतन्त्रमा २५% को हाराहारीमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान रहेको छ भने ०.५ हेक्टर भन्दा कम जग्गाको आकार भएका ५०% भन्दा बढि स-साना कृषकहरुको अत्याधिक संलग्नता रहेको छ । समग्रमा नेपालको कृषि प्रणाली अझै पनि जीवन निर्वाह मुखी रहेको छ। निर्वाहमुखी कृषि प्रणालीबाट कृषिकै दिगो व्यवसायिकरण, उपादकत्वमा वृद्धि र विविधिकरण हुन नसकेको यथार्थता हाम्रो सामु छ जसले गर्दा श्रम बजारमा आउने श्रमशक्तिको पलायन भैरहेको छ ।

खाद्य वस्तुको माग वार्षिक रुपमा बढ्दै गइरहेको छ। बढ्दो जनसंख्यालाई खाद्य सुरक्षा लगायत आधारभुत आवश्यकता परिपुर्ति गर्न कृषिको उत्पादन, उत्पादकत्व बढाउन पर्ने आवश्यकता छ । दिगो, व्यवसायिक र प्रतिस्प्रधात्मक कृषि व्यवसायलाई व्यवसायिकरण गरी रुपान्तरण गर्नुपर्ने सन्दर्भमा सरकारबाट बिगतमा विभिन्न प्रयासहरु नगरिएको पनि होइनन्। तर अथक प्रयास गर्दा पनि लगानी गरेको अनुपातमा अपेक्षीत नतिजा हासिल गर्न नसकिएको यर्थाथ हाम्रो सामु छ। उत्पादित कृषि वस्तुहरुलाई आन्तरिक मागलाई परि पुर्ति गरी आयात प्रतिस्थापन गर्नु पर्ने राष्ट्रिय अहमको विषय मुद्दाको रुपमा रहेको छ। वार्षिकरुपमा खर्बौ रुपैंयाको  विभिन्न कृषि वस्तुहरु वाहिरी देशबाट आयात गरिएको तथ्याक बाट प्रष्ट भएको छ । नेपालको भौगोलिक संभाव्यता र उपलब्ध हावापानीलाई दृष्टिगत गर्दा नेपालमा खाद्यान्न लगायत तरकारी, फलफुल, माछा, मासु, दुधजन्य पदार्थको प्रचुर उत्पादन संभावना रहेको र क्रमिक रुपमा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्दै यस्ता बस्तुहरुको उत्पादनमा आत्मनिर्भर बन्न संभब रहेको छ ।

विद्यमान भुगोल, आर्थिक तवरबाट सक्रिय जनशक्ति, कृषिपूर्वाधार, उपलब्ध प्रविधि, लगानी, बजार, संस्थागत सुधार आदी जस्ता कारणले स्वदेशमै उत्पादन गर्न सकिने सकारात्मक वातावरण रहेको देखाउँछ। गुणस्तर स्रोत विउ विजन, वेर्ना, नर्सरी, उन्नत नश्ल, भण्डारण, मुल्य श्रृंखला आदि विधाहरुको प्रयास शुरु हुन थालेका छन्। तथापि यी प्रयासहरु भने प्रयाप्त छैन्न । खाद्य तथा पोषण सुरक्षा, कृषकको आय आर्जन, स्वरोजगगार सृजना, बजारमा पहुँच, प्रविधिको उपलब्धता तथा छनौट, व्यवसायिक विकास, सेवा सल्लाह जस्ता अवयवहरुको उत्पादन र उत्पादकत्वमा अहम भूमिका रहेको हुन्छ । यसबाट उत्पादनमा, संलग्न किसान र उद्यमीहरु उत्पादन र उत्पादकत्व बढाई प्रतिस्प्रधि वन्न सक्दछन् । तव मात्र कृषि उत्पादन, उत्पादकत्व वढ्न गई स्वदेशी माग परिपुर्ति गर्ने वातावरण वन्न पुग्दछ ।

कुनैपनि मुलुकको औद्योगिक विकास कृषि वन क्षेत्रको विकासबाट सुरुआत भएको पाइन्छ । स-साना कुटिर उद्योगहरुको स्थापना र संचालन बाट उत्पादित बस्तु तथा समानहरुको स्थायी माग घरेलु बजारमा सृजना भै क्रमश औद्योगिकरण तर्फ अगाडी बढेको देखिन्छ। घरेलु उद्योगले केहि मात्रामा निर्यात लाई प्रोत्साहन र आयातलाई निरुत्साहित गर्दछ। नेपालको औद्योगिक विकासमा दुई आयामहरुको विशेष भूमिका रहन जान्छ । पहिलो निजी क्षेत्रको पहलवाट ठूला मझौला आकारका उद्योगहरुको स्थापना संचालनमा सरकारले नीतिगत, कानुनी, संस्थागत र प्रकृयागत सहजीकरण गर्नु पर्दछ । दोस्रो आयाममा सरकारको सक्रिय पहलमा लगानी समेत वृद्धिगरि साना, घरेलु, लघु, उद्यम व्यवसाय प्रवर्धन, स्थापना र विस्तार गरि लक्षित समूहलाई सहभागी गराउन नीतिगत, कानुनी र सस्थागत संरचना स्थापित गर्नु पर्दछ। रोजगारी सृजना गर्ने, आर्थिक विकासको तंरग ल्याउने जस्ता कार्यमा निजी क्षेत्रको अहम भूमिका हुन्छ । देशमा औद्योगिककरण को कार्यलाई तिब्र पार्न सरकारले भएका संरचनाहरुको सुदृढीकरण र नयाँ आवश्यक संरचना स्थापना गर्नु पर्दछ । त्यसै फलस्वरुप कम्पनीले उद्योग, व्यापार, वाणिज्य तथा कल कारखाना

क्षेत्रमा लगानी हुन गई मुलुकको आर्थिक विकासका विविध पक्षहरुको विकास हुन जान्छ ।

## २.१ उद्यम विकास

उद्यम भन्ने शब्दले विषयगत परिवेशमा ठूलो महत्व राखेको पाइन्छ । यसलाई काम काजमा लाग्ने बहादुरी र सहाशिक तवरबाट परिभाषित गरेको देखिन्छ । व्यक्तिगत, सानो समूह अर्थात एक भन्दा बढि व्यक्तिहरुको सहभागितामा क्रियाकलाप संचालन गरि नयाँ व्यवसाय सृजना हुनजान्छ । यसरी उद्यम सृजना गरी गर्ने व्यक्ति, समूह र सहभागिहरुले आकाँक्षी उद्यमशिलताको मार्ग कोरी आर्थिक गतिविधि संचालन गरिन्छ । उद्यममा निहित जोखिम पनि बहन गर्ने गरिन्छ, जसबाट उद्यमीले नाफा एव प्रतिस्ठा हासिल गर्ने गर्दछन् । उद्यममा नविनतम, नवपर्वतकहरुको पनि उद्यमीले उद्यमशिलता खोजेको हुनुपर्दछ । उद्यममा कार्यरत व्यक्तिहरु उद्यमशील सरह उत्साहित, नयाँ पथको निर्माण र सोचेको विकास गरि उद्यम विकासको संरचना बनाउन सक्नु पर्ने हुन्छ । तब मात्र उद्यमीले खोजेको सफलता पाउन सक्दछ । उद्यमीले उद्यममा कार्यरतहरुलाई नविनतम सोच र नवपर्वतक सृजनाको लागि स्वतन्त्रता दिन पर्दछ । यसरी उद्यमी चाहे सानो व्यवसाय होस चाहे ठूलो बहुराष्ट्रिय संस्था होस तब मात्र लक्ष्य हासिलगर्न सकिन्छ । यसै सन्दर्भमा उद्यमीहरुको चरित्र र विशेषताहरु पनि झल्कीनु पर्ने हुन्छ । जिज्ञासु, लचिलो, अनुकल्पनीय, निरन्तरता, भावुक/चिन्तनशील, सिक्न चाहने, दूरदर्शी र स्वयम उत्प्रेरित प्रकृतिको हुनु पर्दछ तवमात्र उद्यमी उद्यमशीलताबाट सफलता हासिल गर्न सक्दछ । वर्तमान समयमा नेपालमा उद्यमीहरुमा हुनुपर्ने लक्षण र विशेषताहरुको कमी भएको पाइन्छ । जसबाट छोटो समयमा लाभ हासिल गर्ने र नविनतम नभएको कारणबाट उद्यम विकासहरु विस्तार (फस्टाउन) हुन सकेको परिस्थीति नरहेको देखिन्छ । उद्यम विकास एउटा महत्वपूर्ण विधा हो । जसले उद्यमशिलताबाट सफल हासिल गर्न पथ पदर्शक बन्नु पर्दछ । विश्व विद्यालय, प्राविधिक शिक्षालय, तालीमहरु र व्यवहारिक अनुभवबाट उद्यमीशलताका सफल पक्षहरुको अनुभव हासिल गर्न सकिन्छ । तसर्थ चाहे कृषि, होस चाहे अन्य कुनै उद्यम होस उद्यमशिलताका विशेषता उद्यमीमा हुनै पर्दछ । तव मात्र उद्यमबाट सफल लाभ लिन सकिन्छ ।

## २.२ नीतिगत व्यवस्था

नेपालको सन्दर्भका केहि नीतिगत तथा कानुनी प्रयासहरुको सुरुवात भएतापनि ती प्रयासहरु पर्याप्त छैनन् । समय सुहाउदो तथा बदलिदो विश्व परिवेश, आर्थिक परिवेशका आयामहरुलाई आत्मसात गरि औद्योगिक विकास गर्न सरकारले मौजुदा कम्पनि ऐन, २०६३ लाई संसोधन र एकिकरण गरि कम्पनि ऐन, २०६३ जारी गरेको छ । कम्पनी ऐन, २०६३ को आधारभूत पक्षहरुमा कानुनी व्यक्तिको सृजना, कम्पनीका प्रकार आदि जस्ता प्रावधानहरु समावेश गरि औद्योगिक मैत्री कानुन जारि गर्ने गरिएको छ । मुलुकको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, मुलुकमा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिँदै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने उद्देश्यले औद्योगिक व्यवसाय ऐन, २०७६ नेपाल सरकारले जारी गरेको छ ।

नेपाल सरकारले औद्योगिक नीति, २०६७ जारी गरेको छ । औद्योगिक नीति मा परम्परागत तथा घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग, ठुला उद्योग, आदि जस्ता उद्योगहरुको स्थापना, संचालन तथा व्यवस्थापन गरेको छ । यसैगरि नेपाल सरकारले देशमा द्रुतगतिका आर्थिक विकास गर्न निजी क्षेत्रको लगानीलाई आकर्षित गरी उद्योग क्षेत्रको यथोचित विकासका लागि राष्ट्रियस्तरमा निजीक्षेत्रलाई प्रत्यक्ष वैदेशिक लगानीको अवसर प्रदानगर्न नेपाल लगानी बोर्ड ऐन २०६८ जारी गरि बोर्डको विधिवत स्थापना गरिएको छ । लगानीको वातावरण सृजना गरि पुर्वाधार संरचना, उद्योगहरुको स्थापना तथा पहिचान गरी,

सार्वजनिक निजी, साझेदारी, सहकारी र विदेशी लगानी बोर्डको अहम भूमिका रहेको छ। यसैगरी नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ जारी गरेको छ। यसबाट लगानी बोर्ड ऐन, २०६८ तथा लगानी बोर्ड नियमावली, २०६९ ले विदेशी लगानी प्रविधि हस्तान्तरण ऐन, २०४९ अन्तरर्गत स्थापना हुने उद्योगको अनुमति उद्योग विभागले दिने गरि कानुनी व्यवस्था रहेकोमा लगानी बोर्डबाट लगानीस्वीकृती लिइएको उद्योगहरुको हकमा उद्योग विभागमा दर्ता मात्र गराए पुग्ने गरी संसोधन हुनुपर्ने हुन्छ।

## कृषि दिर्घकालीन योजना (बि.स. २०५२ - २०७२)

यस योजनालाई कृषिक्षेत्रको विकास मार्फत नेपालको आर्थिक बृध्दि गर्ने एक यन्त्रको रुपमा लिईएको थियो। प्रथमिकताको रुपमा केहि निश्चित प्रतिफल (Output) र उत्पादन सामाग्री (Factors) लाई लिईएको थियो। यस मार्फत नेपालले कृषि उत्पादन, उत्पादकत्व तथा कृषिमा आधुनिकरण गर्न राष्ट्रीय सोच लिईएको थियो। यस योजनाले अन्य विषय बस्तुहरुको विकासमा पनि ध्यान पुऱ्याउने बाटो देखाएको थियो। यस रणनीतिक योजनाले कृषि क्षेत्रको वृद्धि ३% बाट बढाएर ५% मा पुर्याउने र खाद्यान्न लगायत अन्य कृषि उपजहरुको निर्यात बढाउने लक्ष्य लिएको त्यस रणनीतिले बलियो गुणक असरको दृष्टी परिकल्पना गरि रोजगार, उत्पादन, आधुनिकरण आदी जस्ता लक्षित हुनुपर्ने कार्यदिशा निर्धारण गरेको थियो। उक्त कृषि रणनीतिले प्रविधिमा, परिवर्तन, मागमा आधारित उच्च मुल्यका कृषि बस्तुहरुको उत्पादन र उत्पादकत्वमा वृद्धि बिशिष्टीकरणमा लक्षित र कृषि व्यापारमा बढवा दिने जस्ता महत्वपूर्ण रणनीतिक लक्ष्यहरुलाई समेट्नु पर्ने योजना प्रस्तुत गरेको थियो। विभिन्न प्रशासनिक, संस्थागत र राजनैतिक कारण बाट उक्त दिर्घकालिन कृषि योजना पुर्णरुपमा कार्यान्वयनमा आउन नसकेका कारण लक्षित प्रतिफल हासिल हुन सकेन।

## कृषि विकास रणनीति (बि.स. २०७२ - ९२)

दिर्घकालीन कृषि योजनाको समाप्ति पश्चात वि.स. २०७२ मा कृषि विकासको रणनीति २०७२-०९२ सरकारले अंगीकार गरेको छ। यो कृषि विकास रणनीतिले प्रमुख पाँच आयामहरुको लक्ष्य औंल्याएको छ। ति हुन- खाद्य वस्तु, पौष्टिक आहार सुरक्षामा वृद्धि, गरिबी घटाउने, प्रतिस्पर्धी कृषि, स-साना किसानहरुमा उच्च र समान आए र किसानहरुको अधिकारमा सुदृढीकरण जस्ता अहम लक्ष्यहरुलाई सारेको छ। कृषि विकास रणनीति पनि नराम्रो नभएको होइन तर कार्यान्वयन र उत्तरदायी संरचनाको अभावमा यो रणनीतिले पनि विगतमा झै खासै नतिजा दिन सक्ला जस्तो छैन। यसै गरि विभिन्न समयमा आवश्यक सहाएक नीति, उपनीति र कार्यविधि नवनेको होइनन् तर पनि कृषिमा खासै फडको मार्ने कार्यमा न्युन रहेको छ। कृषिको प्रशासन संयन्त्र निकै निरुत्साहित, लक्ष्यहिन, फितलो रहेको हुँदा नेपालको कृषिको दुर्गति हुन प्रमुख कारण हो। प्रशासन संयन्त्र चुस्त र परिमाण मुखी नहुँदा कृषि क्षेत्र धरासायी हुन गएको छ।

# ३. कृषिबस्तु आयातको परिदृश्य

देश आर्थिक परनिर्भरता को दुश्चक्रमा परिसकेको छ। जस्लेगर्दा देशका अधिकाशं आर्थिक सुचकहरुले राम्रो सकेंत गरेका छैनन्। नेपालको कृषि वन क्षेत्रको यथोचित विकास नहुँदा एकैपटक व्यापार र सेवा क्षेत्रको बाहुल्यता हुन गएको छ। जसले गर्दा स्थिर, बलियो आर्थिक विकासको जग वस्न सकेको देखिदैन। विश्वको आर्थिक विकासको ऐतिहासिक परिदृश्य हेर्दा कृषिको औद्योगिकरण बाट सेवा र व्यापारको विकास भएको पाइन्छ। र त्यस्तो आर्थिक विकास र वृद्धि दिर्घकालीन हुने गर्दछ। नेपालको आर्थिक विकासको जग सहि तवरबाट वस्न समेत सकेको छैन। यसबाट स्वदेशी उद्योग र उत्पादनहरु फस्टाउन सकेनन्। अर्को तर्फ प्रजातन्त्रको र गणतन्त्रको राजनैतिक परिवर्तन पश्चात् देशले आर्थिक विकासको दिशा राम्रो संग पकड्न सकेन जस्लेगर्दा स्वदेशी उत्पादनको आधार मजबुत बन्न सकेन। सरकारी नीति, सार्वजनिक वित्त प्रणाली

बढि आयात मुखी हावि हुँदा औद्योगिक विकास को वातावरण राम्रो हुन सकेन जसले गर्दा देश आयातमुखी र बिप्रेषण तर्फ आकार्षित हुन गएको छ । उद्योग प्रणालीलाई आवश्यक पर्ने आधारभूत कच्चा पदार्थ आयात गरि संचालन गर्नु पर्ने बाध्यता आईपरेको छ । देशको औद्योगिकरणमा साना मझौला लगायत स्वरोजगार लघु उद्योगहरुको अहम भूमिका रहेको हुन्छ । नत लघु - साना मझौला उद्योगको विस्तार र विकास हुन गयो नत प्रयाप्त मात्रामा औद्योगिकरण विकासको बलियो र दिगो आधार स्तम्भ खडा हुन सकेन ।

देश कृषिमा आधारित भएतापनि गुन्द्रक, बेशार देखि चामल सम्मका आधारभूत बस्तुको आयात हुने गरेको छ । नागरिकको आय आर्जन मा वृद्धि हुँदा उपयोगमा पनि वृद्धि भएको पाइन्छ । बिलाशिताका वस्तुहरुमा बढि खर्च हुने गरेको देखिन्छ । स्थानीय चामल भन्दा आयातित चामल बढि उपभोग गरेको पाइन्छ खासगरी आयातित मसिनो चामलको उपभोग बढ्दै गएको छ । फलफूल, तरकारी, माछा, मासु, आदिको आयात को अंश बद्दै गएको छ । नेपालको आयातको परिदृश्य हेर्दा स्वदेशमै उत्पादन हुने र नहुने दुबैको हिस्सा बद्दै गएको छ । आ. व. २०७६/७७ मा उच्च आयात हुने वस्तुहरु मध्य खाध्य वस्तु पाँचौ स्थानमा रहेको छ । भन्सार विभागले प्रकाशित गरेको तथ्यांक बमोजिम आ.व.२०७६/७७ मा कुल रु. १२ खर्ब ९४ अर्ब कुल व्यापारमा झण्डै ११ खर्ब बराबरको व्यापार घाटा भएको छ । आयातको अंशको ९२.५ प्रतिशत र निर्यातको ७.५ प्रतिशत अंश रहेको छ । यसै गरि कृषि वन जन्य वस्तुहरुको निर्यातमा सोचेको जस्तो वृद्धि हासिल गर्न सकेको छैन । नेपाल व्यापार एकीकरण रणनीतिमा संलग्न वस्तुहरुको निर्यातमा योगदान करिब ४२% रहेको देखिन्छ । अदुवा, अलैची, मह, कफि, चिया, पस्मिना, च्याङ्ग्रा लगायत वस्तुहरु रहेको छन् । आ.व.२०७६/७७ को तथ्यांकले पाम र भटमासको तेल ले कुल निर्यातको ३१.७४ प्रतिशत हिस्सा ओगटेको छ । पाम र भटमासको तेल दुबै नेपालमा उत्पादन नहुने तर कच्चातेल आयात गरि निर्यात गरिने वस्तुहरु हुन् । त्यस्तो प्रकृतिको निर्यात व्यापारले खासै देशको अर्थतन्त्रलाई रणनीतिक दिगो आर्थिक वृद्धिको लय दिन सक्दैन । त्यस्तो निर्यात व्यापार को अवस्थाको समिक्षा गरि नीतिगत व्यवस्था मार्फत बढावा नदिने ब्यबस्था गरिनु पर्दछ ।

निर्यात वृद्धि नुहँदा व्यापार घाटा बढने क्रम रोकिएको छैन । निर्यातले वैदेशिक मुद्रा आर्जन हुने, रोजगारी र आर्थिक वृद्धिमा सहयोग हुने हुँदा निर्यात व्यापार राष्ट्रको संमृद्धि को लागि महत्वपूर्ण आर्थिक कृयाकलाप मध्ये एक हो । यस्को लागि उत्पादन र उत्पादकत्व वृद्धिमा बढि केन्द्रित हुनपर्ने देखिन्छ । स्वदेशमा उत्पादित वस्तहरुको गुणस्तर बढाई अन्तर्राष्ट्रिय बजारमा पहुँच र आयातको चापलाई घटाउनमा अहम भूमिका पनि हुन्छ । उत्पादनका साधनहरु विश्व बजारमा उपलब्ध सीप, पूँजी र प्रविधिहरुको उपयोग गरि देशमा तुलानत्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाहरुको उत्पादन गरि निर्यात प्रर्वधन हुने र आयात प्रतिस्थापन हुदा व्यापार घाटालाई कम पार्दै जान सकिन्छ ।

## ३.१ वैदेशिक व्यापारमा कृषिको हिस्सा

नेपालको कुल गाहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २४% रहेको देखिन्छ । यसै गरी नेपालमा श्रमशक्ति सर्वेक्षण, २०१८ को नतिजा अनुसार कृषि क्षेत्रमा संलग्न जनशक्ति ६०.४०% रहेको छ । हरेक मुलुकको आयात वैदेशिक व्यापारको अहम भूमिका रहन्छ । आधुनिक प्रविधि, कच्चा पदार्थ र अन्य उपभोगका बस्तु अन्तर्राष्ट्रिय बजारबाट आयात गरि स्वदेशी बजारको मागलाई परिपूर्ति गरिन्छ । यसै गरि आफ्ना उत्पादन अन्तर्राष्ट्रिय बजारमा बिक्री गरेर विदेशी मुद्रा आर्जन गरि अर्थतन्त्रको विकास र आधुनिकरण गर्नमा निर्यात व्यापारको महत्वपूर्ण भूमिका रहन्छ । अन्तर्राष्ट्रिय बजारमा वस्तुहरु निर्यात हुँदा छोटो समयमा राष्ट्रले आर्थिक संमृद्धि, बेरोजगारको समस्या हल, आदि जस्ता आर्थिक चुनौतीहरुको सहजरुपमा हल गर्न सकिन्छ । कुनै पनि देशको आयात निर्यात व्यापारको धेरै खाडल हुनु हुँदैन ।

नेपालको वैदेशिक व्यापारमा कृषिवस्तु आयातको प्रतिशत बढ्दै गएको छ । आ.व.२०७९/८० को आठ

महिना (श्रावण, फाल्गुन) अविधिको नेपालको वैदेशिक व्यापार अघिल्लो वर्षको सोहि अविधि को तुलनात्मक गर्दा २०.१% ले घट्न गई रु ११६३.१८ अर्बमा सिमित रहेको छ। आयातको प्रतिशत ९१% रहेको छ भने निर्यातको ९% रहेको छ। नेपालबाट निकाशी हुने प्रमुख वस्तुहरुमा पाम तेल, भटमासको तेल, पोलिस्टर तथा अन्य उनि धागो, उनि गलैचा, फलाम तथा फलामबाट उत्पादित बस्तुहरु, चिया, पश्मिना, कुकुर बिरालोका आहारा, कपडा, चाउचाऊ, जडीबुटी, रेजिन तथा रेजिन एसिड, जुत्ता चप्पल, नेपाली हाते कागजहरु प्रमुख रहेका छन्। नेपालको वैदेशिक व्यापारको आकार निम्नानुसार रहेको छ।

तालिका क - वैदेशिक व्यापारको परिदृश्य

| विवरण | कुल व्यापार | कुल निर्यात | कुल आयात | व्यापार घाटा | निर्यात आयात अनुपात |
|---|---|---|---|---|---|
| आ.व. २०७९/०८० (श्रावण - फाल्गुन) हिस्सा % | ११७३.१८ | १०४.८०<br>९ | १०५८.३९<br>९१ | ९४३.५९ | १:१० |
| आ.व. २०७८/०७९ (श्रावण - फाल्गुन) हिस्सा % | १४५६.४८ | १४७.७५<br>१०.१ | १३०८.७३<br>८९.९ | १३०८.७३ | १ : ८.९ |
| आ.व. २०७७/०७८ (श्रावण - फाल्गुन) हिस्सा % | १०२४.७७ | ८०.७८<br>७.९ | ९४३.९९<br>९२.१ | ९४३.९९ | १ : ११.७ |

स्रोत : व्यापार आयात निर्यात केन्द्र, २०२३

नेपालले भारतबाट नै प्रमुख रुपमा धान चामलको आयात गर्ने गरेको छ। प्रत्येक वर्ष भारतबाट आयात गरिने चामल बढ्दो मात्रामा छ। आ.व. २०७२/७३ मा करिव रु. १८ अर्ब रुपैंयाको चामल आयात गरिएको थियो। आ.व. २०७५/०७६ मा चामल आयात रु. २४ अर्ब रुपैंयासम्म पुगेको थियो। आ.व. २०७६/७७ मा रु. १८ अर्ब रुपैंयाको चामल आयात गरिएको थियो। कुल चामल आयातको ९९% हिस्सा भारतमा रहेको छ। यसैगरि जापान, चिन, अमेरिका र थाइल्याण्डबाट चामल आयात हुने गरेको तथ्यांकले देखाउदछ। यसैगरि मकैको पनि भारतबाट उच्च परिमाणमा आयात गएिको तथ्यांक छ। यसैगरि आ.व. २०७६/७७ मा बंगलादेश, युक्रेन, म्यानमार र पाकिस्तान बाट मकै आयात गरेको तथ्यांक रहेको छ। अर्जेन्टीना, ब्राजिल र अमेरिका बाट पनि आयात हुनेगरेको छ।

आलु पनि निक्कै उच्च परिमाणका आयात गरेको पाइन्छ। आ.व. २०७६/७७ मा रु. ६ अर्ब ९ करोड बराबरको आलु भारतबाट आयात गरिएको छ। बुलगेरिया, बंगलादेश, चिन, इण्डोनेशिया, दक्षिण कोरिया र नामेबिया बाट आलु आयात गरेको तथ्याकले देखाउछ। केराउ आ.व. २०७६/७७ मा रु. ५१ करोड बराबरको क्यानडाबाट आयात गरेको देखिन्छ। क्यानडा पश्यात सुकेको केराउ रसिया, अमेरिका, भारत, चिन, अस्ट्रेलीया लगायत करिब २५ मुलुकहरुबाट आयात गरेको देखिन्छ। गहुं बिशेष गरि डयुरम जातको बिउ भारतबाट नियमित आयात गरेको देखिन्छ। आ.व. २०७६/७७ मा करिब रु. ३१ लाख बराबरको बिऊ आयात गरेको तथ्याक देखिन्छ। डयुरम जातको गहुँ भारतबाट आयात गरेको तथ्याकले देखाउँछ। क्यानडा र इटालीबाट समेत गहुं आयात हुने गरेको देखिन्छ।

## ४. सार्वजनिक वित्त र राजस्व

आर्थिक वर्ष २०७७/७८ मा राजस्वका मुख्य स्रोतमा कर, अन्तरगत आय मुनाफा , पूँजीगत लागत लाग्ने कर, पारिश्रमिकमा लाग्ने कर, सम्पत्ति कर, वस्तु तथा सेवामा आधारित कर, वैदेशिक व्यापारमा आधारित

कर र अन्य करहरु रहेका छन् । यसैगरी अन्य राजस्व अर्न्तगत सम्पत्तिबाट प्रयाप्त आय, वस्तु तथा सेवा बिक्री बाट प्राप्त आय, दण्ड, जरिमाना र जफत, अनुदान बाहेक स्वेच्छिक हस्तान्तरण, अन्य राजस्व विविध बात प्राप्त रहेका छन् । यसैगरी कुल जम्मा सात खर्ब ५३ अर्ब बराबरको राजस्व उठेको थियो । प्रक्षेपण गरिएको राजस्व भन्दा करिब १५ प्रतिशत (१४.९%) कमि रहेको छ । लक्षित राजस्व रु. ८ खर्ब ६५ अर्ब ३७ करोड थियो ।

## ४.१ राजस्वमा बढि योगदान गर्ने क्षेत्र

नेपालको सार्वजनिक वित्त अन्तर्गत राजस्व प्रणालीमा पाँचवटा राजस्व शिर्षकहरुको बढि अंश रहने गरेको छ । कुल राजस्व प्राप्तिको पाँचवटा शिर्षकहरु बाट झण्डै ४३.६७% संकलन हुने गर्दछ । यसलाई तालिका (ख) मा उल्लेख गरिएको छ ।

तालिका ख - राजस्वमा सबैभन्दा बढि योगदान गर्ने शिर्षक
(२०७७/७८, रु लाखमा)

| शिर्षक | संकलन | योगदान % |
|---|---|---|
| भन्सार महशुल (आयात) | १६,८१८,५२.१७ | १७.२३ |
| आयात कर | ११, ५८३,८३.३६ | ११.८६ |
| अन्त शुल्क (आयात) | ५२,१९४९६३ | ५.३५ |
| निकाएको मुनाफा कर कम्पनी - पब्लीक लि . | ५,१७,३००.०० | ५.३० |
| निकाएको मुनाफा मा लाग्ने कर -प्राइभेट लि. कम्पनी | ३, ८४,१५१५१.०० | ३.९६ |
| कुल | ४,२६३,६३७.६७ | ४६.६७ |

स्रोत : आर्थिक वर्षहरुका वार्षिक प्रतिवेदनहरु, म.ले.नि.का.अर्थ मन्त्रालय

राजस्व प्रणालीलाई सरसर्ती हेर्दा आयातको हिस्सा झन्डै २९% (१७.२३ +११.८६) रहेको छ । यसबाट आयात मुखि राजस्व प्रणालीलाई सुधार गर्नु पर्ने देखिन्छ । नेपाल सरकारमा राजस्व प्रणाली निजामति सेवा अन्तर्गत रहेको छ । तसर्थ प्रशासनले देशमा आर्थिक प्रणाली विकास गरि निर्यात मुखि अर्थतन्त्रमा जोड दिनु पर्ने हुन्छ ।

## ४.२ राजस्व खर्च

सार्वजनिक खर्चको स्थिति हेर्दा आ.व. २०७७/७८ को कुल सार्वजनिक खर्च शिर्षिकगत अनुदानमा ४१.४% (रु. ४९,५४३,७९.९५) रहेको छ । साममजिक सुरक्षामा १३.०८% (रु. १५,६४९,२७.४९) र पूँजीगत खर्चमा १९.१२% (रु. २२,८८३,६०.९३) रहेको छ । अन्य शिर्षगत खर्च तालिकामा प्रस्तुत गएिको छ ।

तालिका ग -राजस्व खर्च

| सार्वजनिक खर्च शिर्षक | खर्च रु | योगदान % |
|---|---|---|
| पारिश्रमिक सुविधा | ११,९१२,८४ | ९.९५ |
| मालसामान तथा सेवा उपयोग | ३६,८७३,१.०७ | ३.०८ |
| व्याज र सेवा खर्च | ३४,७४११.१३ | २.९० |
| सहायता (Subsidies) | १२,६७४.९० | ०.९९ |
| अनुदान | ४९, ५४३,७९.९५ | ४१.४० |
| सामाजिक सुरक्षा | १५,६४९,२७.४९ | १३.०८ |
| अन्य खर्च | २२,७६४.५५ | ०.१९ |
| पूँजीगत खर्च | २२,८८३,६०.९३ | १९.१२ |
| वित्तीय सम्पत्ति | ६१,३९२२.८० | ५.१३ |
| दायित्व | ६०,२३०२.८१ | ५.०३ |
| जम्मा | ११,९६६,७५९.६३ | १०० |

स्रोत : वार्षिक प्रतिवेदनहरु, म.ले.नि.का.अर्थ मन्त्रालय, २०७८

## ५. कृषिमा लगानी, वित्तमा पहुँच र वित्तीय समावेशी

कुनै पनि उद्यमीले आफूसंग भएको पूँजी पर्याप्त नभएको अवस्थामा बैंक समक्ष ऋणको लागि सम्पर्क गर्दछन् । यसले त्यस्ता उद्यमीलाई प्रकृया सरलिकरण गरि बिना धितो आवश्यक सहुलियतपूर्ण ऋण, सुविधा उपलब्ध गराइ दिनुपर्छ । उद्यमीहरूलाई बैंकले ऋण सहयोग प्रदान गर्न तत्पर छ भनी जुन विज्ञापन यत्रतत्र भएको पाइन्छ त्यही जोस अनुरूप ऋण निकासा गराउनुपर्छ । तर नेपालमा नत उद्यमीहरुले उद्योगको क्षमता वृद्धि गर्न तथा आवश्यक कच्चा पदार्थ खरिद तथा आयात गर्न ऋण पाउन सकेका छन नत प्राप्त गर्ने प्रकृया नै सरल छ । क्षेत्रगत कर्जाको कुरा गर्दा आ.व. २०७८।७९ मा कुल कर्जाको ८.३% कृषि क्षेत्रमा छ भने उत्पादनमुलक क्षेत्रमा जम्मा १५% लगानी भएको छ । उपभोग्य कर्जाको हिस्सा समेत १८.५% रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमुलक भन्दा अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह बढाउदै लगेका छन् ।

एक अध्ययनका अनुसार उद्यमीहरुले बैंकिङ्ग क्षेत्रबाट कर्जा प्राप्त गर्न घरजग्गा धितोको आवश्यकता, प्रक्रियागत झन्झटलाई प्रमुख समस्या मानेका छन् भने संस्थागत क्षमताको विकास हुन नसकेको र कर्जा दुरुपयोगको सम्भावना समेत रहेका कारण साना तथा मझौला उद्यममा पर्याप्त कर्जा प्रवाह हुन नसकेको यर्थाथता छ । कृषि उद्यम तथा व्यवसाय का लागि पर्याप्त मात्रामा भेञ्चर, क्यापिटल/प्राइभेट इक्विटी कम्पनीहरुको पनि विकास हुन सकेकोछैन । साना तथा मझौला उद्योगका लागि कर्जा, सुरक्षण गराई धितोको शतप्रतिशत वा बढी कर्जा दिने कार्यक्रम ल्याएको खण्डमा कृषि व्यबसाय तथा उद्यमहरुको प्रवर्धन हुने देखिन्छ ।

## ५.१ वित्तमा पहुँच र वित्तीय समावेशी

उद्यम विकास, कृषि उद्यम र कृषिमा लगानीको क्षेत्रहरुमा वित्तीय पहुँच र वित्तीय समावेशीको अहम भूमिका रहन्छ। यि विषय वस्तुहरुमा संसारका हरेक तप्काको इच्छा बढ्दै गएको छ। मुलत उदयमान, विकासशील तथा विकासोन्मुख देशहरुको बढि चासो रहेको पाईन्छ। नीति निर्माताहरुले बढ्दो मात्रामा यसबाट कसरी नागरिकहरुले लाभ लिन सक्दछन् र लिइएका हुन्छन् भन्ने बारे गहन चासो राखेको पाईन्छ । वित्तीय मध्यस्थकर्ता र वित्तीय बजार पर्याप्त मात्रामा मुल विकासोन्मुख देशहरुमा बिकाशको चरणमा रहेको हुनाले तिनको विकासको चरणमा रहेको पाइएको छ । जस्ले गर्दा जनसंख्या र आर्थिक क्षेत्रले वित्तीय पहुचबाट बन्चित हुनु परेको छ । परिमाण स्वरुप आर्थिक विकास र वृद्धिमा नकरात्मक असर, आयको वितरणमा असमान, गरिबी घट्न नसक्नु जस्ता नकरात्मक आयामहरुको बाहुल्यता हुन जाने बलियो तर्क अनुसन्धान कर्ता र नीति निर्माताहरुले दाबि गर्दछन् । यस्तो असरले समष्टिगत आर्थिक स्थायित्वमा खल्बल्याउन सक्ने पनि दाबि गर्दछन् । किनकी वित्तीय सम्पत्ति सिमित व्यक्ति, संस्था, र क्षेत्रमा मुलत : केन्द्रित हुन जानसक्दछ । तसर्थ सबैको समान पहुँच र पहुँचमा समावेशी हुनु पर्दछ । वित्तीय समावेशीमा वित्तीय सेवा, वित्तीय वस्तुहरुमा विना कुनै रुकावट मानिसहरुको, संघ-संस्थाहरुको समावेश हुन पाउने प्रकृया वा दाबि हो । जस्ले गर्दा समाजका हरेक तप्काहरुले वित्तीय प्रणालीबाट लाभ, अबसर, लगानी, भविष्यको लागि बचत, जोखिम बिरुद्ध बिमा जस्ता आर्थिक प्रणालीमा आबद्ध हुन वित्तीय पहुँच र समावेशीले अहम भूमिका खेल्दछ । यसै गरि कृषि उद्यम विकास, कृषिमा लगानी गर्न वित्तीय पहुँच र समावेशीको तार्किक भूमिका हुन्छ । जस्लेगर्दा कृषि उत्पादन, प्रशोधन, भण्डार, वितरणमा प्रयाप्त लगानी हुन गई राष्ट्रीय माग लाई आवश्यक मात्रा उत्पादन गरि निर्यात गर्ने बाटो खुल्दछ । यसर्थ नतिजा मुखि वित्तमा पहुँच र वित्तीय समावेशीको भूमिका कृषिमा अहम रहेको छ तर वर्तमान प्रणालीले कृषिमा वित्तीय पहुँच र समावेशीको अवधारणा लाई सहितवर बाट बुझ्न नसक्दा कृषिले विकास र वृद्धिको गति लिन सकेको छैन्। तर वित्तीय पहुँच र समावेशीका प्रयासहरु नभएका होइनेन तर पनि ति प्रयास प्रयाप्त छैन्न ।

नेपालको वित्तीय पहुँचमा वाणिज्य बैंक, विकास बैंक, वित्तीय कम्पनि, लघुवित्त, सहकारी, संस्थागत बचत संस्थाहरु, विशिष्टिकृत वित्तीय संस्था, विद्युतीय भुक्तानी प्रणालीहरुको प्रचलन बढ्न गएको छ । यसबाट वित्तीय पहुँच, समावेशीको राम्रो जग स्थापित हुने देखिन्छ । नियमनकारी निकाय, पारदर्शि, प्रभावकारी अनुगमन प्रणाली क्षमता बाट मानव संसाधन, छरितो प्रविधिको उपयोग हुन गएमा यो वित्तीय पहुँच र समावेशी सिद्धान्तले परिकल्पना गरेको नतिजा आउँदछ ।

नेपाल सरकार, राष्ट्रीय दातृ निकाए, अन्तराष्ट्रीय गैर सरकारी निकाय तथा निजी क्षेत्रबाट समय समयमा वित्तीय साक्षारता मार्फत वित्तमा पहुँच कार्यक्रमहरुको संचालन हुँदै आएका छन् । वित्तीय साक्षारता कार्यक्रम मार्फत देशका दुर दराजमा रहेका नागरिकहरुले वित्तमा पहुँच पुऱ्याएका छन् । बैंक तथा वित्तीय संस्थाहरुका शाखा उप शाखा देशका दुर दराजमा स्थापना भएका हुँदा नागरिकले वित्तमा पहुच पुऱ्याएकौ छन् । मौद्रिक नीति, वार्षिक बजेट बाट पनि विभिन्न नीतिगत व्यवस्थागरि वित्तमा पहुच विस्तार गर्न पहल हुँदै आएको छ । देशमा बैंक तथा वित्तीय संस्थाहरुका शाखाहरुको वृद्धि, प्रविधिमार्फत वित्तीयमा पहुँच, विभिन्न प्रकारका रहेका छन् । तलको तालिका (घ) ले नेपालमा वित्तीय पहुँच र समावेशीको नतिजाको झलक प्रस्तुत गर्दछ ।

तालिका घ - वित्तीय पहुच र वित्तीय समाबेशीका बर्तमान परिदृश्य

| क स | बैक तथा बित्तिय संस्थाका प्रकार | संख्या | शाखाहरुको संख्या |
|---|---|---|---|
| १ | वाणिज्य बैंक - श्रेणी क | २२ | ५,०४५ |
| २ | विकास बैंक - श्रेणी ख | १७ | १,१२० |
| ३ | वित्त कंम्पनी - श्रेणी ग | १७ | २८१ |
| ४ | लद्यु वित्त संस्था - श्रेणी घ | ६४ | ५,१५७ |
| ५ | अन्य संस्थाहरु | १७ | - |
| ६ | पूर्वाधार बैक | १ | - |
| **कुल शाखाहरु** | | | **११, ६११** |
| ७ | सहकारी संस्था | २९,८८६ | |

स्रोत : ने.रा.बै. २०७९ पौष, माघ प्रतिवेदन, सहकारी दर्पन, २०७७, सहकारी बिभाग

प्रति शाखा श्रेणी क, ख र ग का बैक तथा बित्तीय संस्थाहरुले सेवा पुर्याउने जनसंख्या ४,५२३ रहेको छ र प्रति शाखा श्रेणी क, ख, ग र घ का बैक तथा वित्तीय संस्थाहरुले सेवा पुर्याउन जनसंख्या २,५१४ रहेको छ।

## ५.२ कृषिमा सरकारी लगानी

नेपाल सरकारले कृषिमा वार्षिक बजेट विनियोजनको प्रकृति हेर्दा आ.व.२०७६/७७ मा रु. २१ अर्ब २३ करोड ८३ लाख कृषि सम्बन्धि चालु र पूँजीगत खर्चमा विनियोजन गरेको थियो। आ.व.२०७७/७८ मा विनियोजित भन्दा यर्थाथ बजेट ५०% ले कम पूँजीगत र चालु खर्च भएको देखिन्छ। आ.व.२०७८/७९ मा रु. ६२ अर्ब ३१ करोड ३७ लाख अनुमानित विनियोजित रहेको थियो। आ.व.२०७८/७९ मा रु. ३४ अर्ब १२ करोड ६५ लाख अनुमानित बजेट विनियोजन गरिएको छ। उल्लेखित चार आ.व. मा प्रस्तावित वजेटमा धेरै संसोधन गरिएको देखिन्छ र यर्थाथ खर्च मा पनि धेरै प्रतिशतमा फरक हुने गरेको पाइएको देखिन्छ। यसर्थ पूँजीगत खर्च भन्दा साधारण खर्चमा धेरै बजेट विनियोजन हुने देखिन्छ। तर बर्षेनी कृषिवस्तुको आयातमा वृद्धि हुँदै गरेको देखिन्छ। यस्तो अवस्थामा विनियोजित बजेटको उपयोग माथि प्रश्न चिन्ह खडा हुने गरेको देखिन्छ। तसर्थ नतिजा मुखी बजेटको लक्ष्य हुनु आवश्यक देखिन्छ। विद्यमान कृषिको संरचना र सरकारी क्षमता लाई पनि पुनरावलोकन गर्नु पर्ने देखिन्छ। जस्ले गर्दा खोजेको नतिजा र बजेट खर्चको तारतम्यता बारे स्पष्ट रुपरेखा देखाउन सक्नेछ। तलको तालिका (ङ) मा आ.व. हरुमा मा कृषिमा भएको साधारण र पूँजीगत खर्च प्रस्तुत गरिएको छ।

तालिका ङ - सरकारको लगानी

| आ.व. | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|
| २०७६/ ०७७ यर्थाथ खर्च | १९५८८९ | १४९८१ | २१०८७० |
| २०७७/ ०७८ संशोधित खर्च | १८८७४९ (१४११९० यर्थाथ खर्च) | २१५०९ (९५१४ यर्थाथ खर्च) | २१०२५८ (१५०७०४ यर्थाथ खर्च) |
| २०७८/ ०७९ अनुमान खर्च | २८६९३० (१६६५५८ संशोधित अनुमान) | ३६२०७ (२०३५९ संशोधित अनुमान) | ३२३१२७ १८६९१७३६२०७ संशोधित अनुमान) |

स्रोत : बजेट भाषणहरु, अर्थ मन्त्रालय, नेपाल सरकार

## ५.३ कृषिमा बैंकहरुको लगानी

राष्ट्र बैंकको चौमासिक आर्थिक समाचार (Mid Oct, 2022) अनुसार वाणिज्य बैंकहरुको कुल लगानी रु. ३ खर्ब ५१ अर्ब ४७ लाख रहेको छ। यसैगरि विकास बैंक हरुले रु. ३३ अर्ब ३५ करोड १९ लाख र फाइनान्स कम्पनीहरुले रु. ६ अर्ब ७८ करोड २० लाख बराबरको कर्जा प्रवाह गरेको तथ्यांकले देखाउँछ। लघु बित्त संस्थाहरुको लगानी रु. २१,३९६.१५ करोड रहेको छ। लघु बित्त संस्थाहरुको कृषिमा लगानी कुल लगानी को ४७.४२% रहेको छ। तसर्थ सरकार - बैंकहरुको कृषिमा पर्याप्त लगानी गरेको भएता पनि उत्पादनमा खासै सन्तोषजनक नहुँदा कृषि वस्तुको आयात मा बर्षेनी वृद्धि हुनु निकै चिन्ता को विषय रहेको छ। सरकारले गम्भिर भएर कृषिमा उत्पादन, उत्पादकत्व तथा अन्य उत्पादन प्रविधि, ज्ञान, शिपहरुको पहिचान गरि विद्यमान संरचनागत कमि कम्जोरी, चुनौतीहरुलाई सिहाँलोक गरि कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आगामी बाटो पहिल्याउनु पर्दछ।

## ५.४ कर्जा प्रवाहको परिदृश्य

औद्योगिक कर्जा मध्ये बागमती प्रदेशमा सबै भन्दा बढि रु.८ खर्ब ९६ अर्ब ४२ करोड कर्जा लगानी रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.७ अर्ब ६० करोड कर्जा लगानी भएको छ। तालिका (च) ले प्रदेश स्तरीय औद्योगिक कर्जाको परिदृश्य प्रस्तुत गरेको छ।

तालिका च - प्रदेश स्तरिय औद्योगिक कर्जाको परिदृष्य

| प्रदेश | कर्जा (रु.करोड) | हिस्सा (%) |
|---|---:|---:|
| कोशी | १४५०९.८० | १०.६० |
| मधेश | १०५२६.६० | ७.७० |
| बागमती | ८९,६४२.३० | ६५.५० |
| गण्डकी | ६१६९.१० | ४.५० |
| लुम्बिनी | १२४७९.७० | ९.१० |
| कर्णाली | ७६९.८० | ०.६० |
| सुदूरपश्चिम | २,६८१.१० | २.०० |
| कुल | १,३६,७७५.३० | १०० |

स्रोतः ने.रा.बैं. २०७८, पौष, पे.२२

नेपालमा कृषि क्षेत्रको विकास र विस्तारको लागि आवश्यक प्राथमिक एंवम् नभैनहुने पूर्वाधारहरु भएतापनि पूर्वाधारहरुको यथोचित उपयोग पूर्णरुपमा हुन सकेको छैन । कृषिमा उत्पादन उत्पादकत्वको वृद्धि गर्नमा सरकार गम्भीर नरहेको प्रष्ट छ । किनकि कृषि क्षेत्रमा आवश्यक बजेट विनियोजन हुँदा हुँदै पनि सोचेको प्रतिफल प्राप्त गर्न विगत दशकहरु देखि कठिनाई रहेको छ । जसलेगर्दा नेपाल कृषि निर्यात हुने मुलुक बाट खुद कृषि आयात गर्ने मुलुकमा रुपान्तरण भएको छ । कृषिमा पशसस्त जनमास, पूँजी, आंशिक रोजगारी सँम्लग्न भएतापनि रोजगारीमा संलग्न व्यक्तिहरुको आर्थिक सामाजिक विकासमा खासै रुपान्तरण हुन सकेको छैन ।

## ५.५ उद्योगहरुको क्षमताको उपयोग

नेपाल राष्ट्र बैंकले गरेको अध्ययन (२०७८) ले उद्योगको औषत क्षमता ५२.२% रहेको देखाएको छ। जवकी आ.व. २०७७ मा ४८.८% रहेको छ। यसैगरि उद्योगहरु मध्ये पशुपालन, बिस्कुट, चिनि, अस्ट्रिजको मासु, मदिरा बियर, हल्का पेय पदार्थ, चुरोट, धागो, पशिमना, तयारी कपडा, रंग, औषधी, सावुन, प्लास्टिकका समान, आल्मुनियम उत्पादन, विजुलीको तार, तथा केवल, जुत्ता आदी जस्ता उद्योगहरुको क्षमतामा आ.व. २०७७/७८ मा वृद्धि भएको छ। यसैगरि वनस्पति घ्यु, तोरीको तेल, भटमासको तेल, प्रसोधित दुध, चामल, गँहुको पिठो, चकलेट, चाउचाउ, प्रशोधित चिया, सिन्थीटिक कपडा, जुटका समान, गारमेन्ट, प्रशोधित छाला, कागज, रोजीन, इटा, जि.आई तार, टायर ट्युव उत्पादन गर्ने आदी जस्ता उद्योगहरुको क्षमता भने घटेको छ। उद्योगहरुको प्रदेशगत क्षमताको उपयोग बारे तालिका छ मा प्रस्तुत गरिएको छ।

तालिका छ - प्रदेशगत क्षमताको उपयोग (%)

| | आ .व . २०७६ /२०७७ | आ . व . २०७७/ २०७८ |
|---|---|---|
| प्रदेशहरु | क्षमता उपयोग | क्षमता उपयोग |
| कोशी | ५७.५ | ५२.९ |
| मधेश | ४५.५ | ५३.२ |
| बागमती | ३७.८ | ४९.२ |
| गण्डकी | ३९.९ | ४०.० |
| लुम्बिनी | ५७.० | ६४.२ |
| सुदूरपश्चिम | ४४.५ | ४७.३ |
| समग्र नेपालको | ४८.५ | ५२.२ |

स्रोत : ने.रा.बैं. २०७८, बैशाख पे. २०

उपरोक्त तालिका अनुसार लुम्बिनी प्रदेशमा उद्योगको क्षमता उपयोग सबैभन्दा बढि ६४.२% रहेको छ भने गण्डकी प्रदेशमा संचालित उद्योगको क्षमता सबैभन्दा कम ४०.० % आ.व. २०७७/७८ मा रहेको छ।

## ६. उद्योग विस्तार र संचालनका अवरोधहरु

उद्योग क्षेत्रको नेपालमा सोचेजस्तो विकास, विस्तार र राष्ट्रिय स्तरमा आशातित योगदान हुन नसक्नुको पछाडी मुलत आन्तरिक र वाह्य कारणको महत्वपूर्ण योगदान रहेको छ । आन्तरिक कारण अन्तरगत उद्यमीहरुको उद्यमशिलता सम्बन्धि कमजोर सिप, ज्ञान र नेतृत्व हुनु रहेको पाइन्छ। संचालित उद्योगहरुले अध्ययन, अनुसन्धान र खोजमा चाशो नदिदा स्थापना भएको केहि समय ति उद्योगहरु सोचे जस्तो संचालन हुन नसक्नु र प्रतिफल दिन नसक्दा ति उद्योगहरु रुग्न हुने गरेको पाइन्छ। संचालकमा पर्याप्त मात्रामा

प्राविधिक ज्ञानको कमि हुने हुँदा उद्योगलाई आवश्यक अनुसार संचालन हुन सकेको अवस्था छैन । साथै स्वपूँजीवजार संचालन गरि अत्याधिक मात्रामा ऋणको सहि तवरबाट उपयोग हुन नसक्दा उद्योगहरुको क्षमता पूर्ण उपयोग हुन सकेको पाइँदैनन् । यसैगरि विद्यमान भन्सार नीति, कर प्रणालीको कारण बाट स्वदेशी उद्योगबाट उत्पादित बस्तुहरुको बजारमा प्रतिस्पर्धा गर्न नसक्नु पनि उद्योग विकासको अवरोध मान्निछ । यसैगरि उद्योगमा प्रयोग हुने मेसीनरी औजार तथा उपकरणहरुको गुणस्तर कमजोर हुने र कमसल गुणस्तरका प्रयोग हुने हुदा उद्योगको संचालन र उद्योगको उत्पादकत्व कम हुने देखिएको छ । प्रतिइकाई उत्पादन लागत बढि हुन, उत्पादित वस्तुहरुको गुणस्तर कम र आवश्यक कच्चा पदार्थको कमि जस्ता पक्षमा उद्यमीले ध्यान नदिदा नेपाली उद्योगहरुले दशकौ सम्मपनि प्रतिस्पर्धा गर्न नसकेको अवस्था छ । यसैगरि बाह्य कारणहरुको पनि अहम् भूमिका हुने हुदाँ ती अवरोधहरुको संक्षिप्त रुपमा संशलेषण गरिएको छ ।

मुख्य गरी राज्यबाट प्रतिबद्धता र समय समयमा गरिएका निर्णयहरुको पूर्णरुपमा कार्यान्वयन हुन नसक्दा देशमा औद्योगिककरणको वातावरण वन्न सकेको छैन । राज्यबाट उद्योगहरुलाई आवश्यक न्युनतम पुर्वाधारहरु प्रत्याभुति तथा निर्माण गर्न नसक्दा उद्योगहरुले सोचे जस्तो विस्तार गर्न नसकेको पाइन्छ । उपयुक्त माग वमोजिम उद्योगहरुलाई आवश्यक पर्ने विद्युत आपूर्ति हुन नसक्दा डिजेल जेनरेटर प्रयोग गरि विद्युत आपूर्ति गरिने हुँदा उत्पादित वस्तुहरु वजारमा प्रतिस्पर्धा गर्न नसक्ने परिस्थिति समेत रहेको छ । सरकारका उच्च पदस्थ कर्मचारीहरुले उद्योग विकास र विस्तार तर्फको अनुभव पनि कमि रहेको छ । जसले गर्दा नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्यांकनको क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न नसक्दा उद्योगले यथोचित नीति वातावरण नपाएको देखिन्छ । बैंकको ब्याज उच्च हुनु र सरलकर्जाको व्यवस्था नहुनु जस्ता संरचना गत त्रुटिबाट उद्योग फस्टाउने वातावरण नभएको देखिन्छ । यसैगरि बेलाबखतमा आइपर्ने प्राकृतिक प्रकोपबाट उद्योगहरुको भौतिक संरचनामा क्षति हुने हुदां उद्योग विस्तार विकासमा अवरोध हुने गरेको छ ।

यसैगरी उद्योगहरुको व्यवस्थापन, अवैज्ञानिक मूल्य निर्धारण, उद्योग स्थापना र संचालनमा वृद्धि, उद्योगमा रहेका मेसीनरी, उपकरण तथा स्थायी प्रकृतिका सम्पत्तिको उचित परिचालन पनि उद्योगीहरुले गर्नमा चुकेको देखिन्छ । पयाप्त मात्रामा चालुपूँजीको अभाव, प्राविधिक सीपयुक्त जनशक्तिको अभाव आदीले गर्दाउद्योगहरुले बदलिदो आर्थिक, समाजिक, वातावरण अनुसार कार्य गर्न नसक्दा देशमा उद्योग धन्दाको विस्तार हुन सकेको छैन । अस्थीर राजनैतिक नेतृत्व र क्षमता हिन नेतृत्व ले उद्योग विकासमा ठोस योगदान दिन नसक्दा पनि स्थापित उद्योगहरु आंशिक क्षमतामा संचालन भएको पाइन्छ । सरकारले विभिन्न समयमा औद्योगिक विकासका लागि गरेका प्रयासहरु पर्याप्त पनि छैनन् जस्लेगर्दा उद्योग क्षेत्रबाट उद्यमीहरु व्यापार क्षेत्रमा आर्किषत हुन गएको देखिन्छ । यसैगरी देशमा औद्योगिक विकास गर्ने सरकारको जिम्मेवारी पाएको उद्योग मन्त्रालयले विभिन्न प्रयास नगरेको पनि होइन तर मन्त्रालयको प्रभावकारी भूमिका भने देखिएको छैन । नेपाल सरकारबाट गरिएका विकास कार्यहरु नभएका पनि होइनन् तर पनि लगानी गरिएको अनुसार उद्योगबाट प्रतिफल प्राप्त हुन सकिएको छैन । केही औद्योगिक प्रयासहरु निम्न प्रकारका छन् ।

## ६.१ उद्योग मार्गमा सडक पहुँचमार्ग

मुख्यगरी सिमेन्ट तथा खानीजन्य उद्योगहरुमा सरकारले पहुँच मार्गको निर्माण गरिदिने गरेको छ । पहुँच मार्ग अन्तरगतका कार्यक्रमहरुको यथोचित तरीकाबाट कार्यान्वयन नहुँदा पहुँच वर्गको कार्यक्रमले प्रभावकारी नतिजा दिन सकेको छैन । उद्यमीहरुको व्यक्तिगत चासो र पहुचको आधारमा यस्ता औद्योगिक निर्माण गरिने हुदा ति निर्माण पूर्वाधारको दिगो व्यवस्थापनबारे समय समयमा प्रश्न समेत खडा हुने गरेको छ ।

## ६.२ विद्युतीय प्रसारण

उर्जा दिगो आर्थिक विकासको एउटा प्रमुख आधार स्तम्भ हो । उत्पादनका अरु साधनहरुलाई सक्रिय परिचालन गर्न उर्जाको अहम भूमिका रहेको हुन्छ। मुलुकमा गुणस्तरीय विद्युतीयकरण र प्रसारण लाईनको अपेक्षितमात्रामा विकास हुन बाँकी नै छ। विद्युतिय लाइन स्थापना तथा विद्युत वितरण प्रणालीको समेत अभाव रहेको छ। विद्युत प्रसारण लाईन र सव स्टेसनहरुको निर्माण को क्षेत्रमा विद्युत प्राधिकरणले नेपाल सरकारको सहकार्यमा विभिन्न प्रयास गर्ने नीति तथा कार्यक्रमहरु अगाडी बढाएको छ। गुणस्तरीय प्रसारण प्रणाली निर्माण गर्न सरकार र विद्युत प्राधिकरण लागिपरेको भएता पनि अपेक्षित नतिजा देखिएको छैन ।

## ६.३ विशेष आर्थिक क्षेत्र

नेपाल औद्योगिक विकास नीति र औद्योगिक विकास ऐन ले औद्योगिक क्षेत्र व्यवस्थापनका लागि संस्थागत संरचना खडा गरेको छ। संचालन गरिएका औद्योगिक क्षेत्रहरु हरेक दृष्टिकोणबाट बिशेष आर्थिक विकास क्षेत्रसंग मेल खाने हुँदा विशेष आर्थिक क्षेत्र र निर्यात प्रसोधन क्षत्रको रुपमा बुझि नीतिगत रुपमा प्रभावकारी व्यवस्थापन बाट संचालन गर्नुपर्ने हुन्छ। वाणिज्य नीति २०६५, औद्योगिक नीति २०६७ को सदुपयोग गरि यि क्षेत्रको विकास गर्ने पर्याप्त आधार रहेको देखिन्छ।

नेपालमा औद्योगिक विकासको प्रारम्भ भएको लामो समय भएता पनि देशमा सोचे अनुरुप औद्योगिक क्षेत्रमा विकास र आधुनिकरण भने शुरुआती चरणमा नै छ। बेला बखतमा गरिने अप्रिय अनुभव आर्थिक, प्रशासनिक, राजनैतिक तथा अन्य उतार चढावका कारणबाट उद्योग क्षेत्रमा पर्ने जोखिम लाई कम गर्नु प्रमुख समस्या रहेको छ। आवश्यक दक्ष जनशक्तिको कमी, आर्थिक तवरबाट सक्रिय जनशक्तिको पलायन, जस्ता समस्याले औद्योगिक क्षेत्रको विकास हुन सकेको छैन्। उद्योग स्थापनामा लाग्ने लागतमा कमि आउन नसक्नु, उद्योगी र श्रमिक मैत्री औद्योगिक वातावरण वन्न नसक्नु, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन र विस्तार गर्न नसकिएको, उद्योगहरुको प्रतिस्पर्धा क्षमता वृद्धि हुन नसक्नु, यथोचित पुर्वाधारको विकास एंव् विस्तार हुन नसक्नु, उत्पादन मुलक उद्योगहरुको स्थापनामा लगानी आकर्षित हुन नसक्नु, स्वदेशी औद्योगिक कच्चा पर्दाथको उत्पादन हुन नसक्नु, औद्योगिक आपूर्तिको श्रृखंला वैज्ञानिक हुन नसक्नु, तुलनात्मक लाभ र प्रतिस्पर्धि क्षमता नहुनु, निर्यातमुलक उद्योगमा प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न नसक्नु आदी जस्ता समस्या तथा चुनौती प्रमुख रहेका छन्। यसैगरी उद्योग लाई आवश्यक पर्ने दिर्घकालिन लगानीका उपकरणहरु उपलब्ध हुन नसक्नु पनि प्रमुख चुनौती औद्योगिक विकासका लागि रहेका छन् । यसैगरि कोभिड - १९ बाट प्रभावित उद्योगहरुलाई पुरानै लयमा ल्याउनु पनि एक चुनौति रहेको छ । देश प्रादेशिक संघीय राज्य प्रणाली राज्य संचालन गरेको पाँच बर्ष नाघिसकेको छ । यसर्थ प्रादेशिक स्तरमा औद्योगिक क्षेत्रका चुनौतीलाई बुदागत रुपमा प्रस्तुत गरिएको छ। यसैगरि अनौपचारिक क्षेत्रमा कार्यरत श्रमशक्तिलाई औपचारिक बनाउन पनि आवश्यक देखिन्छ।

## ७. संभावना

नेपालको तुलनात्मक लाभको लक्ष्य भनेको नै कृषि, वन, पर्यटन, र जलस्रोत हुन । सुगन्धित तेल, औषधी जन्य जडीबुटी, चिया, कफि, अलैचि र मसलाजन्य बालिहरुको उत्पादन तथा प्रसोधनको प्रचुर संम्भावना रहेको छ । संभावना रहेको वस्तुहरुको मूल्य श्रृंखलाको विकास गरि मूल्यवान वस्तुहरुको निर्यातगर्न सकिन्छ । जमिनहरुमा खाद्यान्न, नगदे, तरकारी, पशुपालन, जडीबुटीको खेती अति नै सम्भावना रहेको बारे विभिन्न अध्ययन अनुसन्धान, लेखहरुले प्रमाणित गरेका छन् तर सरकार एंवम निजी क्षेत्रले त्यस्ता भू-उपयोग गरि उत्पादन उत्पादकत्व बढाउनमा ठोस कदम चालेको पाईंदैन ।

नेपालको उच्चतम संम्भावना भनेको आर्थिक भूगोल (Economic Geography) हो । यस विषयवस्तु

अन्तर्गत उपयुक्त जमिनहरु रहेका छन् । जसमा हिमाल, पहाड, तराई, उर्वर स-साना पठार मैदान, नदी उपत्यका, नदी खोलाहरुको किनार र घाँसे मैदान हुन् । ती जमिनहरुलाई उत्पादन कार्यमा उपयोग गर्न सकिन्छ । उपयुक्त जलवायुको पनि उपलब्धता छ । चारवटा ऋतु वसन्त, ग्रिस्म, वर्षा र शरद) मा उपलब्ध हुने जलवायु र वातावरणलाई उपयोग गरि उत्पादन र उत्पादकत्व बढाई आर्थिक कृयाकलापहरु विस्तार गर्न सक्ने प्रचुर संम्भावना रहेको छ । तर ती संम्भावनाहरुलाई नतिजामा रुपान्तरण गर्न एकीकृत तथा समन्वयात्मक प्रयास गरिएको देखिदैन।

यसैगरि जलवायुको अर्थशास्त्रलाई पनि मुलप्रवाहमा ल्याउने ठोस कदमहरुको कमि रहेको छ । जलवायु अर्थशास्त्रले शुन्य कार्वन, नविकरणीय उर्जा, तापक्रम, जलवायुको अनियमित प्रकृति, हरित गृह ग्याँसहरुको उत्सर्जन, प्राकृतिक प्रकोप, कार्वन उत्सर्जनको सामाजिक लागत, सफा उर्जाको उत्पादन र प्रयोग, हरित प्रविधी, लगानीको सामाजिक प्रतिफल आदि जस्ता प्रारुपहरुको अध्ययनगरि नीति कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ । उत्पादन र उद्यमशीलताको विकासका लागि हामीसँग पर्याप्त मानव स्रोत रहेको छ । वार्षिक तवरबाट श्रम बजारमा आउने आर्थिक तवरबाट सक्रिय जनसख्यालाई उपयुक्त रोजगार प्रदान गर्ने क्षेत्र कृषि र वन नै हो ।

नेपालको वर्तमान आर्थिक समस्या भनेको देशले सोचेजस्तो उद्योग विकास गर्न नसकेको अवस्था हो भने अर्को तर्फ देशको कम्तीमा ६० प्रतिशत जनसंख्या विभिन्न प्रकारका कृषि पेशामा संलग्न रहनु हो । देशमा विभिन्न राजनीतिक परिवर्तन भएपनि आर्थिक परिवर्तन हुन सकेको छैन् । वर्षेनी ५ लाख जनशक्ति श्रमबजार मा आउने हुँदा उक्त श्रमशक्तिलाई उपयोग गर्न नसकिएको अवस्था छ । जस्लेगर्दा श्रमशक्ति वैदेशिक रोजगारमा जाने गरेका छन् । यसबाट देशमा दिर्घकालिन सामाजिक -आर्थिक समस्या एवम् मुद्दा सृजना भएको देखिन्छ । श्रमशक्ति विदेशिने हुनाले देशमा औद्योगिक विकास संकटमा पर्ने गरेको छ । देशमा उद्योग संचालन र विस्तारको लागि आवश्यक औद्योगिक शासन /प्रशासन प्रणालीको अभाव छ, जसले गर्दा उद्योगहरुले लगानी, संचालन, विस्तार जस्ता आवश्यक वातावरण पाउन नसकी उद्योगहरु फस्टाउन सकेका छैनन् । भएका उद्योगहरु निजीकरण को नाममा विक्री गरि औद्योगिक वातावरण समेत बिग्रिएको अवस्था छ ।

उद्योग र श्रमशक्ति /श्रमिक /मजदुरहरु विच सेवा सुविधाको मुद्दाहरुले गर्दा औद्योगिक क्षेत्रहरुले जुन गति लिने हो त्यो लिन नसकेको अवस्था छ । श्रमिकलाई आवश्यक पर्ने प्राविधिक शिप, ज्ञान, क्षमता विकासका कृयाकलापहरु उपलब्ध नहुने एवम् उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ जस्तै उखु, सुर्ति, जुट, दुध, घाँस, वावियो कागज, खाद्य प्रसोधन, आदि नहुँदा उद्योगहरुले आफ्नो पूर्ण क्षमता उपयोग गर्न सकेका छैनन् । कच्चा पर्दाथ आयात गरि उद्योग संचालन हुने हुदा आर्थिक विकासमा दुरगामी नकरात्मक असर पर्न गएको छ । अर्को तर्फ उत्पादित वस्तुहरुले राम्रो संग बजारपनि नपाएको देखिन्छ । किनकी उत्पादित वस्तु हरु आयातित वस्तुहरुसंग प्रतिस्पर्धा (गुणस्तरिय मुल्य) गर्न नसकेको अवस्था छ । अर्को तर्फ स्वदेशमै आवश्यक मेसिनरि उपलब्ध हुन सक्दैन । आयातमुखि अर्थतन्त्रलाई प्रश्रय दिदा देशमा औद्योगिक विकासले गति लिन सकिरहेको छैन । यसै गरि उद्योगहरुलाई आवश्यक पर्ने प्राविधिक जनशक्तिलाई उपयोग गर्न सकिएको छैन ।

देशमा पूर्वाधारहरु पनि खडा भएको पाइन्छ । यद्यपी ति पूर्वाधारहरु पर्याप्त मात्रामा रहेका छैनन् । सडक संजाल, यातायात पारवहानका साधनहरुको उपलब्धता एंवम संचालन, संचार इन्टरनेट, वित्तमा पहुँच, वित्तीय सेवाहरु, आदिको उपलब्धताले गर्दा उत्पादनमा वृद्धि गर्न प्रचुर संभावना रहेता पनि ति पूर्वाधारहरुको खासै उपयोग हुन सकेको छैन । यसैगरि उद्योग विकासको लागि आवश्यक औद्योगिक र उत्पादन गर्नको लागि देशमा विशेष आर्थिक क्षेत्र, निर्यात प्रसोधन केन्द्र, उद्यम ग्राम र मानव स्रोत जस्ता उपलब्ध पूर्वाधारहरुको उपोग हुन सकेको छैन ।

तसर्थ उपलब्ध स्रोत र पूर्वाधारहरुको उपयोग गरि उत्पादन - उत्पादकत्व वृद्धि गर्नु पर्ने चुनौती आएको छ।

निर्यात वृद्धि नुहँदा व्यापार घाटा बढने क्रम रोकिएको छैन। निर्यातले वैदेशिक मुद्रा आर्जन हुने, रोजगारि र आर्थिक वृद्धिमा सहयोग हुने हुँदा निर्यात व्यापार राष्टको समृद्धीको लागि महत्वपूर्ण आर्थिक क्षेत्र हो। यसको लागि उत्पादन र उत्पादकत्व वृद्धिमा बढि केन्द्रित हुन पर्ने देखिन्छ। स्वदेशमा उत्पादित वस्तुहरुको गुणस्तर बढाई अन्तर्राष्ट्रिय बजारमा पहुँच र आयात चापलाई घटाउनमा अहम भूमिका पनि हुन्छ। उत्पादनका साधनहरु विश्व बजारमा उपलब्ध सीप, पूँजी र प्रविधिको उपयोग गरि देशमा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका वस्तु तथा सेवाहरुको उत्पादन गरि निर्यात प्रर्वधन हुने र आयात प्रतिस्थापन हुँदा व्यापार घाटालाई कम पार्दै जान सकिन्छ।

**प्रदेशस्तरीय संभावना**

**कोशी प्रदेश -** प्रदेशस्तरमा नयाँ चुनौती औद्योगिक क्षेत्र स्थापना गर्न आवश्यक पर्ने जग्गाको पहिचान, विकास, एकीकरण र प्राप्त गर्न नसक्नु। चियाँ, अलैची, सुपारी, गैर वस्तुहरुको प्रसोधन जस्ता मुल्य श्रृंखलाका वस्तुहरुको आधुनिक उद्योग स्थापना हुन नसक्नु। पर्यटन क्षेत्रको विकास विस्तार गर्न नसक्नु।

**मधेश प्रदेश-** वैदेशिक लगानी लाई आकर्षित गर्ने नियम, कानुन सरंचनाहरुको विकास गर्न नसकी लगानीको वातावरण हुन नसक्नु। नयाँ -उद्योगहरुको स्थापना गर्न अध्ययन अनुसन्धानमा पर्याप्त बजेट उपलब्ध हुन नसक्नु।

**बागमती प्रदेश -** उद्योग - व्यवसाय स्थापना गर्न जमिनको लागतमा स्थिर मूल्य कायम गर्न नसक्नु।

विशेष आर्थिक क्षेत्रमा, निर्यात प्रसोधन केन्द्र, औद्योगिक क्षेत्रमा पूर्वधार विकास गर्न नसक्नु।

साथै उद्योगीहरुलाई आवश्यक आकर्षित गर्ने नीति - नियम को निर्माण गर्न नसक्नु।

**गण्डकी प्रदेश-** पूँजीको अभावमा अत्यावश्यक कच्चा पदार्थ उपलब्ध हुन नसक्नु। पर्यटन विकासको लागि आधुनिक सेवा, पूर्वधारको विकास हुन नसक्नु।

**लुम्बिनी प्रदेश-** खानी जन्य उद्योग सिमेन्ट ढुगां र नदीजन्य वस्तुको गैरकानुनी तवरबाट उत्खनन् गरी चुरे, महाभारत पर्वत श्रृंखला मा वातावरण, जैविक विविधताको नास तथा वातावरण प्रतिकुल असर हुने कार्य भएको। यसबाट विकास पूर्वाधार, कृषि उद्योगहरुको संरक्षण नहुनु। भारतीय उद्योगहरु संग प्रतिस्पर्धा गर्न नसक्नु।

**कर्णाली प्रदेश -** गैरकाष्ठ, खानी, फलफुल उद्योगहरुको संम्भावना भएतापनि संचालन गर्न नसक्नु।

बैदेशिक लगानी प्रचुर भएतापनि आकर्षित गर्न नसक्नु।

**सुदुर पशिचम प्रदेश -** आवश्यक औद्योगिक क्षेत्रको आधुनिक तवर बाट स्थापना गर्न नसक्नु। लगानी आकर्षित हुन नसक्नु।

प्रतिनिधि लागतबाट कच्चा पर्दाथ आयात गरि बस्तुहरु निमार्ण गर्न नसक्नु।

## ८. अबको बाटो

स्वदेश भित्रै उपलब्ध स्रोत, साधन तथा शिपको उच्चतम रुपमा उपयोग गरी उद्यमशिलता विकास मार्फत रोजगारी सृजना, बस्तुहरुको आन्तरिक माग आपूर्ति, अग्र तथा पश्चगामी सम्बन्धको विकास, आयात व्यबस्थापन तथा निर्यात प्रवर्धन गर्नु आवश्यक छ। यसका लागि तत्कालिन, अल्पकालिन तथा मध्यकालिन, र दीर्घकालिन सोचका साथै योजना तथा कार्यक्रम तर्जुमा गरि गम्भिर तवरबाट कार्यान्वयनमा ल्याउनु जरुरी छ।

यसका लागि उद्यमीहरुको सिप विकासका साथै व्याबसायिक योजना तर्जुमामा सहयोग पुर्याउने सुलभ कर्जाको व्यबस्था गर्नु पर्दछ। साथै बजार मागका आधारमा उत्पादन योजना तर्जुमा गरि उत्पादित बस्तुको बजार सुनिश्चित समेत गर्नु आवश्यक छ। आन्तरिक खपतका साथै निर्यातका लागि गुणस्तर अभिवृद्धिका

साथै उत्पादित नेपाली बस्तुको पहिचानका लागि ब्राण्डिङ गर्नु आबश्यक छ। साथै उद्यमिहरुलाई आवश्यक पर्ने पुर्वाधारको विकासमा सहजिकरण, सहज वित्तीय पहुंच, प्रविधिमा पहुंच तथा बौद्धिक सम्पत्तिको संरक्षण समेत गर्नु पर्ने देखिन्छ । उद्योगहरुले कच्चा पदार्थको अभावमा पूर्ण क्षमतामा उपयोग गर्न नसकिरहेको अवस्थामा बिशेष पकेट क्षेत्रको विकास गरी आवश्यक पर्ने कच्चा पदार्थ आपूर्तिको सुनिश्चितता हुनु पर्दछ।

नेपालको कृषि विकास र विस्तारको लागि आवश्यक प्राथमिक एंवम् नभै - नहुने पूर्वाधारहरु यथोचित तवरबाट विकास हुन सकेका छैनन् भने विकसित पूर्वाधारहरुको उपयुक्त तवरबाट पूर्णरुपमा उपयोग तथा संचालन हुन सकेको छैन । कृषिमा वर्तमान उत्पादन - उत्पादकत्वको वृद्धि गर्नमा सरकार गम्भीर नरहेको प्रष्ट छ। किनकी कृषि क्षेत्रमा आवश्यक सिमित बजेट विनियोजन हुँदा हुँदै पनि सोचेको प्रतिफल प्राप्त गर्न विगत दशकहरु देखि कठिनाई रहेको छ । जसलेगर्दा नेपाल कृषि निर्यात हुने मुलुकबाट खुद कृषि आयात गर्ने मुलुकमा रुपान्तरण भएको छ। कृषिमा प्रसस्त जनमानस पूँजी, आंशिक रोजगारी संलग्न भएता पनि रोजगारीमा संलग्न व्यक्तिहरुको आर्थिक सामाजिक स्तरमा खासै रुपान्तरण हुन सकेको छैन ।

कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि का लागि आगामी प्रमुख कदमहरु लाई तल बुदागत तवर बाट प्रस्तुत गरिएको छ, जुन निम्न प्रकार छन् ।

☞ **कृषि उत्पादन वृद्धि गर्न र आयात प्रतिस्थापनको लागि थप सम्भावित कृषि उपजहरुको पहिचान गर्ने** - ति पहिचान गरिएका संभावित कृषि बस्तुहरु राष्ट्रियस्तरमा उत्पादन गरि निर्यात गर्नेबारे हरेक कोणबाट संम्भावनाहरुको बिश्लेषण गर्नु पर्दछ ।

☞ **कृषि उद्यम विकासको लागि प्राविधिक तथा वित्तीय पहुँच र वित्तीय समावेशीता को संरचना को विकास गर्ने** - राष्ट्रियस्तरमा कृषि उद्यम विकासको लागि उत्साहित र आकर्षक वातावरणको सृजना गर्न आवश्यक रहेको छ । त्यस्ता कार्यक्रम, नीतिहरु र परियोजनाहरुको तर्जुमा गर्नु पर्दछ । वित्तीय पहुँच, सिप विकास तालिम, प्राविधिक सहयोग, वित्तीय उपकरणहरु आदि जस्ता आयामहरु संम्भावित उद्यमीहरुलाई सहयोग पुऱ्याउने खालका हुनु पर्दछ । त्यस्तो वातावरणले सरकार, निजी क्षेत्र, र गैर सरकारी वा विज्ञ समुहबाट ति प्रविधि तथा आयामहरु उद्यमीहरुलाई आवश्यक समयमा उपल्बध हुनुपर्दछ ।

☞ **कृषिमा लगानी आकर्षित गर्ने** - कृषि उत्पादन गर्न, बिभिन्न तवरबाट लगानी आकर्षित गर्नु पर्दछ । सरकारले नीतिगत व्यबस्थागरी विभिन्न प्रोत्साहनका कार्यक्रमहरु उपलब्ध गराएमा लगानी अभिवृद्धि गर्न सकिन्छ। ति प्रोत्साहनहरुमा कर छुट, अनुदान, सस्तो व्याज, व्याजमा छुट, लगानी वातावरणको सुनिश्चितता आदि हुन सक्दछन् ।

☞ **कृषि पूर्वाधारहरुको सुधार** - कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न हाल भएका र आवश्यक पुर्वाधार हरुको सुधार र स्तरोन्नति गर्नु पर्ने हुन्छ । सिचाई, बाटो, भण्डारण, उभार (Packaging), औजार यन्त्र, चिस्यान गृह, सिप - ज्ञान, सुचना प्रविधि आदि पक्षहरुको नियमित सुधार र पहुचको सुविधा उपलब्ध हुनु पर्दछ। सुधारिएका र स्तरोन्नति गरिएका पूर्वाधारले उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नमा प्रभावकारी भूमिका खेल्दछन् र उत्पादन लागत घट्न जाने र गुणस्तर पनि बढ्न जाने हुन्छ। साथै उद्यमीहरुको प्रतिस्पर्धात्मक क्षमता पनि बढ्दछ ।

☞ **बजारमा पहुँच र पहुँच सहजीकरण** - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा कृषि बस्तुहरुको पहुँच पुऱ्याउन द्विपक्षीय तथा बहुपक्षीय व्यापार संझौता, बजार सुचना प्रणाली, मेला आयोजना र सहभागी, प्रर्दशन, आदि जस्ता विषयबस्तुहरुमा सहज पहुँचमा सहजीकरण हुनु पर्दछ । यसका लागि रसद सहयोग (Logistic Support) समेत आवश्यक पर्दछ ।

समग्रमा कृषिबस्तुहरुको आयात प्रतिस्थापनको पथ उद्यम बिकाश र कृषि लगानीको लागि बहुआयामिक अवधारणा आवश्यक पर्ने हुन्छ । यसबाट धेरै प्रकारका सरोकारवालाहरु जस्तै सरकार, लगानीकर्ताहरु, उद्यमीहरु, व्यापारीहरु, शैक्षिक संस्था, अध्ययन अनुसन्धान गर्ने संस्थाहरु आदि बिच प्रभावकारी समन्वयन हुनु पर्दछ। उद्यम प्रबर्धन र उत्पादन वृद्धिमा सहयोग गर्ने वातावरण सृजना गर्ने र यस्ता सहयोग उपलब्ध गराएमा, नेपालले कृषिबस्तु आयात प्रतिस्थापन गर्न सक्दछ । यसैगरि आर्थिक वृद्धि, रोजगारको सृजना र आयमा वृद्धि हुन सक्ने बलियो आधारशिला खडा हुन जान्छ ।

## ९. निस्कर्ष

नेपालमा कृषि क्षेत्रको ब्यावसायिकरण तथा विविधिकरण मार्फत् यसको रुपान्तरण गर्दै आद्यौगिकरण गर्ने संभावना देखिन्छ । उत्पादनमा तुलनात्मक लाभ एवं ब्यापारमा प्रतिस्पर्धात्मक क्षमता भएका बाली तथा बस्तुहरुको उत्पादन तथा मूल्य श्रृंखलाको पद्धति अपनाई निर्यात प्रबर्धन तथा आयात प्रतिस्थापन गर्नु आवश्यक छ । यसका लागि उपलब्ध नीति तथा रणनीतिहरुको कार्यान्वयन, थप रणनीतिहरुको विकास, संरचनागत सुधार, आवश्यक पूर्वाधारहरुको विकास, लगानीमा अभिवृद्धि, संस्थागत तथा उद्यमीहरुको क्षमता विकास, बजार पूर्वाधार तथा पहुंचमा सुधार जस्ता कार्यहरुमा बिशेष जोड दिनु जरुरी छ। कृषि तथा पशुपंछी मन्त्रालय र मातहतका निकायहरुको कार्य क्षमतमा सुधार गर्दै बढाउँदै लग्नु पर्दछ। संघीयता लागु पश्चात् पनि प्रदेश सरकार र स्थानीय तहहरुको पनि सृजनशीलतामा कमि आएको स्थिति छ। नतिजामुखि नहुने र जिम्मेवारीबाट पन्छिने प्रशासन प्रणालीको कार्यशैली परिवर्तन गरेमामात्र कृषिको बिकाशले गति लिनसक्दछ । यसैगरि बैंक तथा वित्तीय संस्थाहरुले कृषिमा गरेको लगानी अपचलन नियन्त्रण गर्न ऋणीहरुलाई कानुनी दायरामा ल्याउने बैकहरु तथा राष्ट्र बैकले नीतिगत कडाई गर्ने व्यवस्था लागु गर्नु पर्ने हुन्छ। ग्रामिण कृषि वित्तीय (Rural Agriculture Finance) नीति अवलम्बन गरी कृषि उत्पादन, प्रसोधन र कृषि व्यवसायको विकास र बिस्तार गरिनु पर्दछ र कृषि ऋणको अलावा बैंक तथा वित्तीय संस्थाहरुले कृषि व्यवसाय गर्न बहुआयामिक व्यवसायिक सेवाहरु पनि प्रदान गर्नु पर्दछ। केवल एकतर्फ ऋण उपल्ब्ध गराएर मात्रै नपुग्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाहरु परम्परागत लगानी प्रणालीलाई सुधार गरि आधुनिक लगानीका वित्तीय संयन्त्र तथा बस्तुहरु पनि कृषक र व्यवसायीलाई पस्कन सक्नु पर्दछ । हरेक लगानीमा कृषि मुल्य श्रृंखलाको अवधारणा अपनाउनु पर्दछ। अध्ययन अनुसन्धान गर्ने परिपाटीलाई प्रोत्साहन गर्नका साथै शैक्षिक संस्थाहरुलाई स्थलगत कृषि प्रशारण र विकासमा जोड्नु पर्ने नीति लागु गर्नु जरुरी छ । कृषिमा संलग्न कृषि उद्यमीको लागि ग्रामिण कृषि उद्यम विकास वित्त (Rural Agricultural Finance) नीति अपनाउने तथा कृषि बस्तु विनिमय (Commodity Exchange) को थालनी गरिनु पर्दछ । यस्तो प्रणालीले उत्पादकको मुल्य सुनिश्चितता गर्दछ । खुला सिमाका कारणले अनियन्त्रित तवरबाट आयात गरिने व्यवस्थालाई नियमन गर्ने नीति कडाईका साथ कार्यान्वयन गर्नुपर्दछ। यसै गरि राजस्व प्रणालीलाई कृषि उद्यम मा लगानी गर्न बिशेष रणनीति अवलम्बन गरिनु पर्ने हुन्छ । अनुदान बितरण प्रणालीलाई प्रोत्साहन तथा उत्पादन प्रणालीमा रुपान्तरण गर्नुपर्दछ। सुरुआति तथा नवप्रवर्धक कोषको राष्ट्रिय नीति ल्याई अध्ययन, अनुसन्धान र शैक्षिक संस्थाहरुसंग सरहकार्य को लागि रणनीतिक योजना ल्याउनुपर्ने हुन्छ। अन्तमा कृषिको बिषय बस्तुलाई समेट्ने एकद्धार नीति ल्याउनु जरुरी हुनाका साथै कृषि तथ्यांक संकलन तथा विश्लेषणको वैज्ञानिक पद्धति (Data Science) अवलम्बन गर्नु पर्दछ ।

## धन्यवाद ज्ञापन

दोश्रो राष्ट्रिय अर्थशास्त्रि सम्मेलन - २०७९ मा कार्यपत्र प्रस्तुत गर्न आमन्त्रित गर्ने सस्था राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाललाई कार्यपत्र प्रस्तोता एव कार्यपत्र लेखकद्वय हार्दिक आभार व्यक्त गर्दछन् । यसै गरी कार्यपत्र नेपालीमा टाईप गरी सहयोग गर्ने सन्दिप पन्थि लाई लेखकद्वय धन्यवाद व्यक्त गर्दछन् ।

## सन्दर्भ सामग्री

Joshi, G.R. and Bhandari, R.C. (2079). Determinants of Intensity of Adoption of Climate Change Adaptation Practices in the Agriculture Sector in Nepal. *International Journal of Environment and Climate Change*. Volume 13, Issue 1, Page 30-41. DOI: 10.9734/ijecc/2023/v13i11602

Joshi, G.R. (2018). Agricultural Economy of Nepal: Development Challenges and Opportunities. Sustainable Research and Development Center, Kathmandu, Nepal. ISBN 978-9937-0-4014-3.

MOALD. (2072). *Agricultural development strategy*. Ministry of Agriculture and Livestock Development, Singhdurbar, Kathmandu.

MOF. (2079). Budget speech of FY. Ministry of Finance, Singh Durbar, Kathmandu.

(2078) Budget speech of FY. Ministry of Finance, Singh Durbar, Kathmandu.

(2077) Budget speech of FY. Ministry of Finance, Singh Durbar, Kathmandu.

FCGO. (2078). *Statement of income and expenditure of the Government of Nepal*. Financial Comptroller General Office (FCGO), Anamnagar, Kathmandu, Nepal, Part 1.

(2077). Statement of income and expenditure of the Government of Nepal. Financial Comptroller General Office (FCGO), Anamnagar, Kathmandu, Nepal, Part 1.

(2076). Statement of income and expenditure of the Government of Nepal. Financial Comptroller General Office (FCGO), Anamnagar, Kathmandu, Nepal, Part 1.

Nepal Rastra Bank. (2079). *Quarterly economic bulletin*. Economic Research Department, Baluwaatar, Kathmandu.

(2079). *Banking & financial statistics (Provisional), Magh 2079*. Banks & Financial Institutions Regulation Department.

(2078). *Quarterly economic bulletin*. Economic Research Department, Baluwatar, Kathmandu.

(2078). *Quarterly economic bulletin*. Economic Research Department, Baluwatar, Kathmandu.

TEPC. (2079). *Based on the first eight months (Shrawan-Falgun) of FY 2079/80 (Mid July 2022 to Mid-March, 2023*. Pulchowk Lalitpur, Nepal

NPC. (2077). *Situation of agriculture goods import and export, a study report*. National Planning Commission, Singhdurbar, Kathmandu.

TEPC. (2079). *Foreign trade statistics.* Pulchowk Lalitpur, Nepal

The Prosperity Foundation. (2011). Commercialization of Agriculture in Nepal. Discussion Paper. Bhimsengola, Kathmandu.

Neupane, L. (2014). Trade and development: A reflection of large cardamom value chain analysis. *Nepalese Journal of Trade and Development*. Vol. 6. No. 1. Issue 11. Nov 2014

Neupane, L. (2013). Financing agricultural SMEs: A Nepalese perspective. Rastriya Banijya Bank Limited.

अनुसुचि क :

# Imports and Exports

Based on First Eight Months (Shrawan-Falgun) of FY 2079/80 (Mid July 2022 to Mid March 2023)

*(figures are in Rs. Thousands)*

| SN | Description | Imports Value | Exports Value | Trade Balance | Imports Revenue |
|---|---|---|---|---|---|
| 01 | Animals; live | 581946 | 13 | -581933 | 7219 |
| 02 | Meat and edible meat offal | 11418 | 3111 | -8307 | 1851 |
| 03 | Fish and crustaceans, molluscs and other aquatic invertebrates | 537499 | 346 | -537153 | 145813 |
| 04 | Dairy produce; birds' eggs; natural honey; edible products of animal origin, not elsewhere specified or included | 1656185 | 89340 | -1566846 | 629809 |
| 05 | Animal originated products; not elsewhere specified or included | 49691 | 6496 | -43194 | 7323 |
| 06 | Trees and other plants, live; bulbs, roots and the like; cut flowers and ornamental foliage | 114053 | 5073 | -108979 | 13581 |
| 07 | Vegetables and certain roots and tubers; edible | 22184931 | 485565 | -21699366 | 2389109 |
| 08 | Fruit and nuts, edible; peel of citrus fruit or melons | 11790360 | 44162 | -11746197 | 3078720 |
| 09 | Coffee, tea, mate and spices | 4680962 | 9750984 | 5070022 | 1124971 |
| 10 | Cereals | 38838575 | 4106 | -38834469 | 2537463 |
| 11 | Products of the milling industry; malt, starches, inulin, wheat gluten | 1925584 | 294130 | -1631454 | 499779 |
| 12 | Oil seeds and oleaginous fruits; miscellaneous grains, seeds and fruit, industrial or medicinal plants; straw and fodder | 15172502 | 1168273 | -14004228 | 1669452 |
| 13 | Lac; gums, resins and other vegetable saps and extracts | 324115 | 20832 | -303283 | 64840 |
| 14 | Vegetable plaiting materials; vegetable products not elsewhere specified or included | 345088 | 1875921 | 1530834 | 16920 |
| 15 | Animal or vegetable fats and oils and their cleavage products; prepared animal fats; animal or vegetable waxes | 64222468 | 23814667 | -40407801 | 8043614 |
| 16 | Meat, fish or crustaceans, molluscs or other aquatic invertebrates; preparations thereof | 78052 | 418 | -77634 | 38476 |
| 17 | Sugars and sugar confectionery | 3332354 | 67426 | -3264928 | 1690533 |
| 18 | Cocoa and cocoa preparations | 1433819 | 8563 | -1425256 | 1109719 |
| 19 | Preparations of cereals, flour, starch or milk; pastrycooks' products | 5311564 | 1552431 | -3759133 | 2594608 |
| 20 | Preparations of vegetables, fruit, nuts or other parts of plants | 1839942 | 3829002 | 1989059 | 804435 |

| SN | Description | Imports Value | Exports Value | Trade Balance | Imports Revenue |
|---|---|---|---|---|---|
| 21 | Miscellaneous edible preparations | 8709638 | 146164 | -8563474 | 3710648 |
| 22 | Beverages, spirits and vinegar | 1727796 | 471809 | -1255987 | 2038542 |
| 23 | Food industries, residues and wastes thereof; prepared animal fodder | 13339305 | 4264625 | -9074679 | 1164990 |
| 24 | Tobacco and manufactured tobacco substitutes | 2154660 | 42624 | -2112036 | 2244756 |
| | Total | 200362505 | 47946081 | -152416423 | 35627171 |
| 25 | Salt; sulphur; earths, stone; plastering materials, lime and cement | 5904261 | 343542 | -5560720 | 1070209 |
| 26 | Ores, slag and ash | 1900640 | 298636 | -1602004 | 802008 |
| 27 | Mineral fuels, mineral oils and products of their distillation; bituminous substances; mineral waxes | 227090448 | 0 | -227090448 | 72785451 |
| 28 | Inorganic chemicals; organic and inorganic compounds of precious metals; of rare earth metals, of radio-active elements and of isotopes | 3626221 | 64 | -3626157 | 615335 |
| 29 | Organic chemicals | 9030980 | 15962 | -9015018 | 1037104 |
| 30 | Pharmaceutical products | 29323595 | 1305845 | -28017749 | 1184501 |
| 31 | Fertilizers | 27759450 | 656 | -27758794 | 1030 |
| 32 | Tanning or dyeing extracts; tannins and their derivatives; dyes, pigments and other colouring matter; paints, varnishes; putty, other mastics; inks | 6163984 | 193085 | -5970899 | 2007014 |
| 33 | Essential oils and resinoids; perfumery, cosmetic or toilet preparations | 8777801 | 987063 | -7790738 | 3977559 |
| 34 | Soap, organic surface-active agents; washing, lubricating, polishing or scouring preparations; artificial or prepared waxes, candles and similar articles, modelling pastes, dental waxes and dental preparations with a basis of plaster | 5224184 | 4127 | -5220057 | 2309469 |
| 35 | Albuminoidal substances; modified starches; glues; enzymes | 2203436 | 188 | -2203248 | 463871 |
| 36 | Explosives; pyrotechnic products; matches; pyrophoric alloys; certain combustible preparations | 483176 | 0 | -483176 | 105225 |
| 37 | Photographic or cinematographic goods | 561327 | 0 | -561327 | 49854 |
| 38 | Chemical products n.e.c. | 8622467 | 1578985 | -7043482 | 1360710 |
| 39 | Plastics and articles thereof | 39970094 | 1001944 | -38968150 | 10981730 |
| 40 | Rubber and articles thereof | 8092071 | 3598 | -8088473 | 2426903 |
| 41 | Raw hides and skins (other than furskins) and leather | 47548 | 264913 | 217365 | 7928 |

| SN | Description | Imports Value | Exports Value | Trade Balance | Imports Revenue |
|---|---|---|---|---|---|
| 42 | Articles of leather; saddlery and harness; travel goods, handbags and similar containers; articles of animal gut (other than silk-worm gut) | 1191818 | 220381 | -971438 | 555008 |
| 43 | Furskins and artificial fur; manufactures thereof | 362 | 0 | -362 | 105 |
| 44 | Wood and articles of wood; wood charcoal | 3793556 | 2734684 | -1058872 | 1129614 |
| 45 | Cork and articles of cork | 2302 | 0 | -2302 | 663 |
| 46 | Manufactures of straw, esparto or other plaiting materials; basketware and wickerwork | 6990 | 1016 | -5974 | 2076 |
| 47 | Pulp of wood or other fibrous cellulosic material; recovered (waste and scrap) paper or paperboard | 333667 | 29128 | -304539 | 45992 |
| 48 | Paper and paperboard; articles of paper pulp, of paper or paperboard | 11882510 | 761057 | -11121453 | 3309169 |
| 49 | Printed books, newspapers, pictures and other products of the printing industry; manuscripts, typescripts and plans | 2604576 | 15377 | -2589199 | 163785 |
| 50 | Silk | 533687 | 52 | -533635 | 90605 |
| 51 | Wool, fine or coarse animal hair; horsehair yarn and woven fabric | 2891289 | 5952 | -2885337 | 109495 |
| 52 | Cotton | 6260316 | 1251 | -6259065 | 1145311 |
| 53 | Vegetable textile fibres; paper yarn and woven fabrics of paper yarn | 3721797 | 3699428 | -22369 | 15813 |
| 54 | Man-made filaments; strip and the like of man-made textile materials | 2196287 | 1710324 | -485963 | 437533 |
| 55 | Man-made staple fibres | 11845513 | 7835497 | -4010016 | 1424641 |
| 56 | Wadding, felt and nonwovens, special yarns; twine, cordage, ropes and cables and articles thereof | 1310240 | 3280731 | 1970491 | 362516 |
| 57 | Carpets and other textile floor coverings | 238578 | 7855666 | 7617088 | 108819 |
| 58 | Fabrics; special woven fabrics, tufted textile fabrics, lace, tapestries, trimmings, embroidery | 1737605 | 716 | -1736890 | 506954 |
| 59 | Textile fabrics; impregnated, coated, covered or laminated; textile articles of a kind suitable for industrial use | 2402176 | 3800 | -2398376 | 688378 |
| 60 | Fabrics; knitted or crocheted | 4506853 | 205 | -4506649 | 1296660 |
| 61 | Apparel and clothing accessories; knitted or crocheted | 5833063 | 2411931 | -3421132 | 2174223 |
| 62 | Apparel and clothing accessories; not knitted or crocheted | 11170616 | 5008318 | -6162298 | 3723719 |

| SN | Description | Imports Value | Exports Value | Trade Balance | Imports Revenue |
|---|---|---|---|---|---|
| 63 | Textiles, made up articles; sets; worn clothing and worn textile articles; rags | 1655658 | 2214299 | 558641 | 470378 |
| 64 | Footwear; gaiters and the like; parts of such articles | 5572300 | 802195 | -4770105 | 3023859 |
| 65 | Headgear and parts thereof | 791527 | 43240 | -748287 | 234003 |
| 66 | Umbrellas, sun umbrellas, walking-sticks, seat sticks, whips, riding crops; and parts thereof | 276232 | 0 | -276232 | 85004 |
| 67 | Feathers and down, prepared; and articles made of feather or of down; artificial flowers; articles of human hair | 115867 | 82428 | -33439 | 16836 |
| 68 | Stone, plaster, cement, asbestos, mica or similar materials; articles thereof | 4815217 | 75679 | -4739538 | 2077723 |
| 69 | Ceramic products | 7720219 | 39583 | -7680637 | 4164881 |
| 70 | Glass and glassware | 6236510 | 837769 | -5398741 | 2138431 |
| 71 | Natural, cultured pearls; precious, semi-precious stones; precious metals, metals clad with precious metal, and articles thereof; imitation jewellery; coin | 40398670 | 416180 | -39982491 | 2547185 |
| 72 | Iron and steel | 86920216 | 6224117 | -80696098 | 16407853 |
| 73 | Iron or steel articles | 17889593 | 448969 | -17440624 | 3088141 |
| 74 | Copper and articles thereof | 5070958 | 522908 | -4548050 | 926307 |
| 75 | Nickel and articles thereof | 15865 | 0 | -15865 | 4323 |
| 76 | Aluminium and articles thereof | 9136474 | 15763 | -9120710 | 1701991 |
| 78 | Lead and articles thereof | 100141 | 610797 | 510657 | 13223 |
| 79 | Zinc and articles thereof | 3342383 | 41345 | -3301038 | 481327 |
| 80 | Tin; articles thereof | 209183 | 0 | -209183 | 54709 |
| 81 | Metals; n.e.c., cermets and articles thereof | 32606 | 0 | -32606 | 8464 |
| 82 | Tools, implements, cutlery, spoons and forks, of base metal; parts thereof, of base metal | 2968642 | 10562 | -2958079 | 603260 |
| 83 | Metal; miscellaneous products of base metal | 3693373 | 300412 | -3392961 | 947053 |
| 84 | boilers, machinery and mechanical appliances; parts thereof | 66492614 | 358765 | -66133849 | 8517475 |
| 85 | Electrical machinery and equipment and parts thereof; sound recorders and reproducers; television image and sound recorders and reproducers, parts and accessories of such articles | 65466944 | 75613 | -65391331 | 12974660 |

| SN | Description | Imports Value | Exports Value | Trade Balance | Imports Revenue |
|---|---|---|---|---|---|
| 86 | Railway, tramway locomotives, rolling-stock and parts thereof; railway or tramway track fixtures and fittings and parts thereof; mechanical (including electro-mechanical) traffic signalling equipment of all kinds | 33957 | 14323 | -19634 | 3485 |
| 87 | Vehicles; other than railway or tramway rolling stock, and parts and accessories thereof | 32659876 | 19579 | -32640298 | 21560654 |
| 88 | Aircraft, spacecraft and parts thereof | 3541956 | 455602 | -3086354 | 320263 |
| 89 | Ships, boats and floating structures | 13230 | 0 | -13230 | 3091 |
| 90 | Optical, photographic, cinematographic, measuring, checking, medical or surgical instruments and apparatus; parts and accessories | 16950406 | 85669 | -16864737 | 2184596 |
| 91 | Clocks and watches and parts thereof | 822855 | 0 | -822855 | 238015 |
| 92 | Musical instruments; parts and accessories of such articles | 224754 | 652079 | 427325 | 63927 |
| 93 | Arms and ammunition; parts and accessories thereof | 3866606 | 30850 | -3835756 | 1011 |
| 94 | Furniture; bedding, mattresses, mattress supports, cushions and similar stuffed furnishings; lamps and lighting fittings, n.e.c.; illuminated signs, illuminated name-plates and the like; prefabricated buildings | 5133259 | 127716 | -5005543 | 1922137 |
| 95 | Toys, games and sports requisites; parts and accessories thereof | 1531956 | 53361 | -1478594 | 545951 |
| 96 | Miscellaneous manufactured articles | 5021700 | 243319 | -4778381 | 1289458 |
| 97 | Works of art; collectors' pieces and antiques | 55795 | 472870 | 417075 | 603 |
| | Total | 1058385530 | 104796193 | -953589337 | 242724432 |

Source: TEPC, 2023